## पूर्ण इजलास

१

**मा.न्या. श्री खिलराज रेग्मी, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** पुनरावलोकन निस्सा प्रदान नं. ०६५-NF-००४, ००५, ००६, अंश, *साबित्रीदेवी बनियाँ वि. रामगोपाल बैश्य समेत, कृष्णगोपाल बैश्य वि. रामगोपाल बैश्य समेत, सुरेशकुमार बैश्य समेत वि. साबित्रीदेवी बनियाँ समेत*

दाइजो पेवा वा निजी आर्जनको सम्पत्ति हो भनी जिकीर लिने पक्षले सो जिकीरको समर्थनमा वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित पनि गराउन सक्नु पर्दछ । तायदाती साथ पेश गरिएका कागजात हेर्दा शिवदेवीले आफ्नो निजी ज्ञान सीप वा प्रयासबाट सम्पत्ति आर्जन गरेको भन्ने तथ्य प्रमाणित भएको नदेखिई राजीनामा लिखतसमेतबाट उक्त सम्पत्ति खरीद गरेको भन्ने देखिन्छ । वादी प्रतिवादी समेतका अंशियारहरू एकासगोलमा रहेका अवस्थामा कुनै अंशियारको नाममा खरीद भएकै कारणले त्यस्तो सम्पत्ति निजको मात्र निजी आर्जनको हो भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अन्यथा प्रमाणित नभएसम्म अनुमान गर्न नमिल्ने ।

पार्वतीदेवीको अंश हक निजबाट शे.ब. पाई मुद्दा सकार गर्ने निवेदक सावित्रीदेवीमा सरी सोमा निजको हक स्थापित हुने हुँदा पार्वतीदेवीलाई समेत अंशियार कायम गरी ५ भागको १ भाग निजको अंश भागमा पर्न आउने सम्पत्तिमा सावित्रीदेवीको हक कायम भई तायदातीमा उल्लिखित ऋणका हकमा साहुको उजूर परेका बखत ठहरेबमोजिम हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

- यसमा यसै लगाउको पुनरावलोकन निस्सा प्रदान नं. ०६५-NF-००७, ००८, ००९, अंश, *साबित्रीदेवी बनियाँ वि. भरतकिशोर बैश्य समेत, कृष्णगोपाल बैश्य वि. भरतकिशोर बैश्य, सुरेशकुमार बैश्य समेत वि. भरतकिशोर बैश्य* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३-SA-०००६, नाता कायम, *पुरूषोत्तम न्यौपाने वि. सुनीता ठकुरी*

६ वर्षअगाडि इमाडोलको बालकुमारी मन्दिरमा विवाह गरेको भनी वादीले लिएको दावीलाई इमाडोल गा.वि.स.मा बालकुमारी मन्दिर नभएको भन्ने जिकीरका आधारमा अन्य तथ्यलाई अदालतले नजरअन्दाज गर्नु अस्वाभाविक कुरा हुन आउँछ । साथै बालकुमारी मन्दिर इमाडोल गा.वि.स.मा पर्नु वा नपर्नुले प्रस्तुत मुद्दाको सम्बन्धमा यथार्थ चित्रण गर्दैन । तसर्थ, वादीले भेटघाट चिनजान नै नभएको व्यक्तिलाई आफूसँग विवाह भै सहबास समेत भएको भनी झूठा दावी लिनुपर्ने त्यस्तो भरपर्दो आधार पनि प्रतिवादी तर्फबाट पेश दाखेल हुन नआएको र समग्र मिसिलको अध्ययनबाट वादी र प्रतिवादीको व्यवहार, आचरण र परिस्थितिसमेतले निजहरू बीच लोग्ने स्वास्नीको नाता सम्बन्ध रहेको देखिँदा यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीबीच लोग्ने स्वास्नीको नाता कायम हुने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६४ सालको फौ.पु.नं. ००२३, जबर्जस्ती करणी, *राजु घिमिरे वि. नेपाल सरकार*

अदालतमा कसूरमा इन्कार हुँदैमा निर्दोषिताको प्रमाण हुन सक्तैन । पीडित जाहेरवालीले अदालतमा उपस्थित भै बकपत्र गर्न सकिनन् र पीडितको साथी कल्पना के.सी.ले वारदातसम्बन्धमा केही थाहा छैन भनी बकपत्र गरे

पनि वारदात नै भएन, अपराध भएन भन्न सक्ने अवस्था नदेखिँने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६६ सालको फौ.पु.नं. ०३२४, भ्रष्टाचार, *राजकुमार के.सी. वि. नेपाल सरकार*

झूट्टा प्रमाणपत्र प्रयोग नभए पनि वा सो बाट प्रत्यक्ष फाइदा नलिए पनि झूठा शैक्षिक प्रमाणपत्र लिनु, राख्नु र प्रस्तुत गर्नुले कुनै पद वा ओहदा प्राप्त गर्न वा मौकामा कुनै मान मर्यादा र सामाजिक प्रतिष्ठामा प्रतिफल प्राप्त गर्न सक्ने हुँदा झूठा शैक्षिक उपाधिको प्रमाणपत्र सिर्जना गर्नु, राख्नु र प्रस्तुत गर्नु मात्र पनि भ्रष्टाचारजन्य कसूर हुन जाने ।

प्रतिवादी कसूरमा इन्कार हुनुदेखि बाहेक आफूले पेश गरेको प्रमाणपत्र झूठा होइन सत्य साँचो शैक्षिक उपाधिको प्रमाणपत्र हुन् भनी प्रमाण पुऱ्याउन सकेको अवस्था नदेखिँदा यी पुनरावेदक प्रतिवादीले झूठा प्रमाणपत्र लिई राखी ललितपुर उपमहानगरपालिकामा प्रस्तुत गरी त्यसको आधारमा खरिदार पदमा बढुवा भै कार्यरत् रही अनुचित लाभ लिई रहेको देखिँदा प्रतिवादी राजकुमार के.सी.ले भ्रष्टाचार कसूर गरेको देखिने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल जेठ २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं. ०१५८, जग्गा खिचोला बदर, *आनन्दीदेवी रौनियार वि. गोपालप्रसाद सर्राफ*

विवादित जग्गामा मोहीको नाममा रैतान नम्बरीमा परिणत गर्ने निर्णय भै दाखिल गर्नुपर्ने रकम गुठीमा दाखिल गरी विवादित जग्गामा वादीको हकस्वामित्व सिर्जना भैसकेको देखिन्छ । जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न बाँकी रहेको भए पनि विवादित जग्गामा वादीको हक सिर्जना भैसकेको कारण वादीले मोहीको हैसियतले फिराद गर्न पाउँदैन भन्न नमिल्ने ।

२०४५।२।२९ मा अदालतबाट भै आएको नक्सा कुण्डली एवं अन्यका आधार प्रमाणबाट नक्सा कुण्डली को न.नं. ५, ६, ७, क र ख मा देखाइएको जग्गा वादीको हकको देखिएको, वादीको मोही हकको सबै जग्गा २०४३ सालको नापीमा नापी हुँदा हाल नापी भएको वादीको कि.नं. २१ मा दर्ता नभै न.नं. ५ मा देखाएको जग्गा प्रतिवादीले चापी घुसाई आफ्नो जग्गामा नापी दर्ता गरी भोग कब्जा गरेको देखिदा वादीको हकभोगको जग्गामध्ये प्रतिवादीले दर्ता गरेको ०-०-१३-८१/२ जग्गाको दर्ता बदर गरी खिचोला मेटाई पर्खाल हटाई चलन चलाई पाउने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल बैशाख ७ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६५ सालको रिट नं. ०६२२, प्रतिषेध, *बालकृष्ण के.सी. समेत वि. जिल्ला प्रहरी कार्यालय, दैलेख समेत*

पक्षहरू पनि उनै भएका, विवाद पनि उही भएको र एक पटक सो विवादमा सक्षम अदालतबाट टुङ्गो लागेको विषयमा पनि कुनै विवाद देखिँदैन । केवल विवादको लिखत सरकारी अड्डामा दर्ता भएको र सो लिखतमा व्यहोरा थप गरेको कारण सरकारी लिखत कीर्ते भनी पुनः मुद्दा उठान गरेको पाइन्छ । समाजमा घट्ने विभिन्न घटना वा अपराधलाई नियन्त्रण गर्न र अपराध वा कसूर गर्नेलाई के कसरी कारवाही चलाई दण्डित गर्ने भन्ने प्रक्रिया निर्धारण गर्नको लागि मात्र विभिन्न घटना या कसूरका कार्यहरूलाई देवानी फौजदारी भनी वर्गीकरण गरेको र त्यस्ता मुद्दाको कारवाही कसले चलाउने भन्ने आधारमा सरकार वादी र दुनियाँ वादी भनी वर्गीकरण गरेको पाइन्छ । यी सबै पद्धति र प्रक्रिया मुद्दा कारवाहीको प्रक्रिया निर्धारण गर्न तर्जुमा गरिएको हुँदा मुद्दा जसले चलाए पनि व्यक्तिको विरूद्ध नै मुद्दा गरिएको हुन्छ । व्यक्ति वा

सरकारले जसले मुद्दा चलाए पनि कुनै व्यक्तिउपर एउटै कसूरमा पटक पटक मुद्दा चलाउने हो भने व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा खतरा उत्पन्न भै उही व्यक्ति पटक-पटक प्रताडीत हुन पुग्दछ । दोहोरो खतराको सिद्धान्त, मुद्दा कसले चलायो भन्ने विषयवस्तुमा केन्द्रित नभै एउटा व्यक्तिमाथि एउटै कसूरमा एक पटकभन्दा बढी कारवाही चलाउन र सजाय गर्न नपाओस् अर्थात् पटक पटक जीवनमा खतरा उत्पन्न गर्न नपाउने भन्ने विषयसँग सम्बन्धित रहने विषय हो । तसर्थ मुद्दा जसले गरे पनि एक पटक मुद्दा परी सक्षम अदालतबाट विवादको टुङ्गो लागिसकेपछि सो फैसला बदर नगराएसम्म अघिको मुद्दा दुनियाँवादी भै चलेको भन्ने नमान्ने मात्र सरकारवादी भई पुनः सोही विषयमा मुद्दाको कारवाही (अनुसन्धान तहकीकात) गर्न र मुद्दा चलाउन मिल्छ भन्न र कानूनको अभावमा एक पटक सक्षम अदालतबाट निरोपण भैसकेको विषयमा पुनः कारवाही प्रारम्भ गर्न सरकारी पक्षले विशेष सुविधा पाउँछ भन्न कुनै कानून र सिद्धान्तले मिल्ने नदेखिने ।

एक पटक सक्षम अदालतबाट फैसला भै अन्तिम भएको फैसलाउपर उजूर परी बदर नभएको स्थितिमा निर्णय अन्तिमताको सिद्धान्त ( Finality of the Judgement) अनुसार पूर्व फैसला परिवर्तन वा निरर्थक हुने गरी उसै विषयमा अर्को कारवाही चलाई निर्णय गर्न नमिल्ने र एकपटक सक्षम अदालतबाट फैसला भै अन्तिम भैसकेको कीर्ते जालसाज विषयमा पुनः सरकारी कागज कीर्तेमा कारवाही चलाउन जाहेरी दरखास्त दिने र जाहेरी लिई जिल्ला प्रहरी कार्यालय दैलेखले अनुसन्धान तककीकातको कारवाही प्रारम्भ गर्न लागेको कार्य समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६), ICCPR को दफा १४(७), नागरिक अधिकार ऐन, २०१२ को दफा १२(२), दोहोरो खतराको सिद्धान्त एवं यस अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०६४ नि.नं. ७८७८) समेतको प्रतिकूल देखिँदा निवेदन दावीबमोजिम निवेदकको विरूद्ध परेको जाहेरी दरखास्तको विषयमा अनुसन्धान तककीकात गर्ने, निवेदकहरूलाई पक्राउ गर्ने र मुद्दा चलाउने समेतका कार्य नगर्नू, नगराउनू भनी विपक्षी जिल्ला प्रहरी कार्यालय दैलेखका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६३-WO-०२१५, उत्प्रेषण परमादेश, *सुन्तलीदेवी श्रेष्ठ वि. पुनरावेदन अदालत बुटवल समेत*

लिखतमा घर व्यवहार चलाउनका निमित्त ऋण लिएको नभई व्यापार गर्ने प्रयोजनको लागि सगोलको मुख्य व्यक्तिको मञ्जूरी बेगर ऋण लिएको भन्ने देखिएको, सगोलको मुख्य व्यक्तिको रूपमा आमाको सट्टा छोरा रहेको भन्ने तथ्य स्थापित भएको नदेखिएको, दण्ड सजायको २६ नं. घरको मुख्य व्यक्ति वा बाबु आमाले गरेको व्यवहारका सम्बन्धमा मात्र आकर्षित हुने देखिएको आधार एवं कारणबाट निवेदन माग दावीबमोजिम लेनदेन व्यवहारको ८ र ९ नं. को अवस्था पर्न गएको हो भन्ने पक्का प्रमाणको अभावमा दण्डसजायको २६ नं. लाई दृष्टिगत नै नगरी भए गरेको आदेश कानूनद्वारा बदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल असार १८ गते रोज ६ शुभम् ।

६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट निवेदन नं. ३५५९, उत्प्रेषण परमादेश, *तेन्जी शेर्पा वि.भीष्म दाहाल समेत*

विचाराधीन रहेका मुद्दाहरूका सम्बन्धमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पर्नसक्ने गरी माथिल्लो तहका अदालतहरूबाट आदेश हुन गएमा तल्लो तहका अदालतको अधिकारक्षेत्रमा नै गम्भीर प्रभाव पर्न जाने अवस्थातर्फ इजलास सदैव सचेत रहनु पर्ने ।

दोहोरो खतराको सिद्धान्तका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दाहरूमा भएको अनुसन्धान, अभियोजन तथा सो सम्बन्धमा अदालतबाट गरिने तथ्य एवं कानूनको विश्लेषणबाट फैसला हुँदाका बखत नै निरूपण हुने देखिँदा हाल चलिरहेका मुद्दाहरूलाई प्रत्यक्ष वा परोक्ष रूपले प्रभावित गर्ने गरी रिट निवेदनबाट बोल्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६३-WO-०२९७, उत्प्रेषण परमादेश, *मोहनकृष्ण खड्का वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई विशेष अदालतबाट भ्रष्टाचारको कसूरमा भएको सजायलाई आधार लिई विभागीय सजाय गरी सेवाबाट बर्खास्त गर्ने निर्णय नेपाल सरकारको गृह-सचिवबाट भएको र सो निर्णयउपर कानूनबमोजिम परेको पुनरावेदनमा निर्णय हुँदा पनि सो (गृह-सचिव स्तरीय) निर्णय नै सदर भएको देखिएको अवस्थामा गृह सचिवलाई निवेदकउपर विभागीय कारवाही गर्ने अधिकारक्षेत्र रहे भएकै देखिन आउँछ । अधिकारक्षेत्र नरहेको भनी स्पष्ट रूपको आधार एवं कारण पनि उल्लेख गर्न नसकी केवल सतही रूपमा अधिकारक्षेत्रको त्रुटि रहेको भनी लिएको आधारमा मात्र निवेदकलाई कारवाही गर्ने गृह सचिव स्तरीय निर्णयको वैधानिकतामा प्रतिकूल प्रभाव पर्न सक्ने नदेखिने ।

विचाराधीन मुद्दाको सम्बन्धमा रिट क्षेत्रबाट बोल्न मिल्ने नदेखिँदा निवेदकले विशेष अदालत काठमाडौंको फैसलाअनुरूप भ्रष्टाचारमा सजाय पाएको देखिएको, विभागीय सचिवस्तरीय निर्णय पनि नेपाल सरकारको निर्णयसरह नै भएको तथा निवेदनमा गृह सचिवलाई विभागीय सजाय गर्ने अधिकारक्षेत्र नभएको भनी स्पष्ट रूपको कानूनी आधार खुलाउन नसकेको आधार एवं कारणबाट निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गृह सचिवस्तरीय निर्णयलगायत सोसम्बन्धी अन्य निर्णयहरू कानूनअनुरूपकै देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. WH-००६८, बन्दीप्रत्यक्षीकरण, *अच्यूतप्रसाद रिजाल वि. विशेष अदालत, काठमाडौं समेत*

कानूनबमोजिम म्याद जारी गरी तामेल नभएको बेरीतको म्यादको आधारमा विशेष अदालतले निवेदकउपर गरेको कारवाही फैसलाले प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त र निवेदकको प्रतिवाद गर्ने हकको प्रतिकूल हुने गरी निर्णय गरेको देखिन आयो । यसरी नियम कानूनको पालना नगरी भएको म्याद तामेली र सोको आधारमा भएको फैसला निजको हकमा कायम रहन सक्ने देखिन नआउने ।

विशेष अदालत काठमाडौंले मिति २०६२।७।१३ मा गरेको फैसला समेत निवेदकको हकमा सम्म कायम रहन नसक्ने हुँदा सो हदसम्म सो फैसला र सोको आधारमा का.जि.अ.ले कसेको लगत एवं सो आधारमा निवेदकलाई थुनामा राख्न पठाएका समेतका काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । उक्त भ्रष्टाचार मुद्दाको सन्दर्भबाट थुनामा राख्न नमिल्नेमा निवेदकलाई थुनामा राखेको कार्य त्रुटिपूर्ण एवं गैरकानूनी देखिँदा निजलाई थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल साउन ४ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गंगाबहादुर खत्री समेत*

मृतक टुहुरो भई प्रतिवादीहरूले निजलाई बालक अवस्थामा नै ल्याएर लालन पालन गरी आफूहरूले खर्च लगाई वैदेशिक रोजगारमा पठाएको भन्ने समेत देखिन आएको छ । तर निज मृतकले वैदेशिक रोजगारबाट कमाई ल्याएको रकम यो यति प्रतिवादीहरूलाई राख्न दिएको र सोही रकम पचाउने उद्देश्यले मृतकलाई मारेको भन्ने व्यहोरा वादी पक्षले अभियोग दावीमा उल्लेख गरेकोमा बाहेक अन्यथा सोलाई प्रमाणित गर्ने त्यस्तो कुनै ठोस सबूद प्रमाण पेश गर्न सकेको देखिँदैन । फौजदारी मुद्दामा वादी पक्षले अभियोग दावी लगाएर मात्र पुग्दैन, त्यसलाई स्वतन्त्र रूपले निश्चयात्मक प्रमाण पेश गरी पुष्टि गर्ने दायित्व पनि वादी पक्ष माथि नै निहीत रहन जाने ।

केवल मृतकको साथमा भएको नागरिकता र पासपोर्ट प्रतिवादीहरूको घरबाट बरामद भएको भन्नेसम्म उल्लेख गरेको कारणबाट मात्रै मृतकको मृत्यु यिनै प्रतिवादीहरूको कर्तव्यबाट भएको रहेछ भनी बिनाआधार प्रमाणबेगर अनुमानकै आधारमा प्रतिवादीहरूलाई दोषी ठहऱ्याई सजाय गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको विपरीत हुन जाने हुन्छ । अतः सबूद प्रमाणको अभावमा दिइएको जाहेरी तथा सोही जाहेरीको अधारमा चलाइएको अभियोगपत्र तथा पुनरावेदन जिकीरकै आधारमा मात्र प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याई सजाय गर्न मिल्ने अवस्था नदेखिँने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०१५०, झूठा व्यहोरा बनाई नागरिकता लिन खोजेको, *नेपाल सरकार वि. बलराम अधिकारी समेत*

एउटा असहाय टुहुरो नाबालक व्यक्तिलाई एउटा मानवीय नाताको हैसियतले प्रतिवादीमध्येका बलराम अधिकारीले आफ्नै छोरासरह सम्झी मानी आफैंले निजको लालन पालन, पोषण, संरक्षण गरी हुर्काएर राखेको देखिन आएको र भविष्यको सुनिश्चितताको लागि भनी राजु राईलाई आफ्नो कान्छो छोरा बनाई झूठो विवरण तयार गरी राजु अधिकारीको नाउँबाट नागरिकता लिने दिलाउने कार्य गर्न खोजेको सम्म देखिन आएको अवस्था र परिस्थिति समेतलाई विचार गर्दा प्रतिवादीहरूमध्येका बलराम अधिकारी र राजु राईको हकमा पुनरावेदन अदालतबाट जनही रू. २००।- जरीवाना हुने गरी भएको सजायमा केही परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०८४२, सरकारी कागज कीर्ते, *राजनारायण मण्डल वि. नेपाल सरकार*

सहअभियुक्तले नै कसूर अपराध गरेकोमा सावित भै बयान गरेको र शुरू तथा पुनरावेदन अदालतबाट भएको सजायमा चित्त बुझाई बसेको समेत देखिन आएको अवस्थामा उक्त सह अभियुक्तको पोललाई प्रमाणमा लिनुपर्ने नै हुन आउने ।

प्रतिवादी सखिचन साह सुडी समेतको मिलेमतोमा यी प्रतिवादी राजनारायण मण्डलले उक्त सखिचन साहको नागरिकतामा रहेको जन्म मिति २०१९ लाई सच्याई २०२९ कायम गरी अभियोग दावीबमोजिमको कसूर अपराध यी प्रतिवादीले गरेको देखिन आएको अवस्थामा केवल पुनरावेदन जिकीरकै आधारमा मात्र निज प्रतिवादी राजनारायण मण्डलको उक्त कार्यमा संलग्नता रहेनछ अर्थात् निजले उक्त नागरिकताको अङ्क सच्याई कीर्ते गर्ने कार्य गरेका रहेनछन् भनी निजलाई अभियोग दावीबाट सफाइ दिन मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३५९६, उत्प्रेषण समेत, *लवकुमार जोशी वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

गुहेश्वरी मा.वि.बाट पदाधिकार रहेको पशुपति मित्र मा.वि. चाबहिलमा काज फिर्ता भै पदाधिकार रहेको विद्यालयमा काम काज गरिरहेको, काज सरूवा गर्ने र फिर्ता गर्ने अधिकार जिल्ला शिक्षा अधिकारीलाई नियमले प्रदान गरेको देखिँदा काजमा राख्ने तथा काज फिर्ता गर्ने कार्यले निवेदकलाई आघात पुग्यो भन्न नमिल्ने ।

आफू प्रधानाध्यापकमा नियुक्ति भएको भन्न र देखाउन नसकेको स्थितिमा निमित्त प्र.अ.लाई स्थायी प्रधानाध्यापकको हैसियत प्राप्त हुन्छ भन्न मिल्दैन । प्रधानाध्यापकको नियुक्ति सोही विद्यालयको शिक्षकहरूबाट मात्र नियुक्ति हुने व्यवस्था गरेको देखिँदा अर्को विद्यालयमा कार्यरत् शिक्षक पूर्व विद्यालयको प्रधानाध्यापक हुन पाउने व्यवस्था नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
एति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

१३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. ०२१६, बाली बिगो, *श्यामप्रसाद मैनाली वि. त्रिलोचन संग्रौला समेत*

जग्गाको स्वमित्वको सम्बन्धमा झगडा परी हक बेहक छुट्टयाएको अवस्थामा मात्र सो हदम्यादका आधारमा बाली बिगो दावी गर्नसक्ने कानूनी प्रावधान रहेको भन्ने तथ्यमा शंका गर्ने ठाउँ नरहने । तर प्रस्तुत मुद्दामा पुनरावेदक वादीले दावी गरेको बाली बिगो जग्गाको स्वामित्वको विवादका कारण हक बेहक छुट्टयाएको विवाद नभई दर्ता बदर कीर्ते मुद्दाको जरीयाबाट उठेको देखिन आएको अवस्थामा जग्गा मिच्नेको १८ नं. आकर्षित हुने तथा फिराद दायर हुन नसक्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. ०२६८, बाली बिगो, *रमादेवी सापकोटा वि. जगतजंग आङदम्बे समेत*

जग्गा मिच्नेको महलको १८ नं. बमोजिम जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालीस नदिए लाग्न नसक्ने भन्ने स्पष्ट व्यवस्था रहेको देखिन्छ । तर २०४९ सालमा चलन पाएको जग्गाको २०५१ सालदेखि २०५८ सालसम्म ८ वर्षको बाली बिगोका सम्बन्धमा २०५८ सालमा मात्र फिराद दायर गरी उक्त मुद्दाबाट वादी दावीबमोजिम हुने ठहर भएपश्चात् उक्त मुद्दाको रूप विचार गरी २०५९ सालको बाली बिगोको दावी गरी दायर हुन आएको प्रस्तुत मुद्दाको फिराद जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्र दायर हुन आएको देखिएन । साथै २०५९ सालमा पुनः जग्गा चलन गर्न नदिई हटक गरेको भनी अदालतमा निवेदन दिई चलन चलाई लिएको भन्ने यकीन तथ्ययुक्त प्रमाण वादीले आफ्नो फिराद दावी लिएको भनी पुनरावेदनपत्रमा उल्लेख गरी प्रमाणित गर्न सकेको समेत नदेखिँदा वादी दावी खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६६ सालको रिट नं. ०७८४, उत्प्रेषण, *नरबहादुर गिरी समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयबाट सामान्य प्रशासन मन्त्रालयले विभिन्न मितिको निर्णयबाट अर्को मन्त्रालय वा विभाग वा कार्यालयमा सरूवा गरेको र उक्त सरूवा सामान्य प्रशासन मन्त्रालयको मन्त्रीस्तरको निर्णयबाट रद्द गरिएकोमा विवाद देखिँदैन । निजामती सेवा ऐनमा रहेको व्यवस्थाअनुसार सामान्य प्रशासन

मन्त्रालयको मन्त्रीस्तरको निर्णयबाट रद्द गरिएकोमा विवाद देखिँदैन । निजामती सेवा ऐनमा रहे भएको व्यवस्थाअनुसार सामान्य प्रशासन मन्त्रालयले गरेको सरूवा नेपाल सरकार मन्त्रिपरिषद्ले मात्र रद्द गर्न सक्नेमा सामान्य प्रशासन मन्त्रीबाट रद्द गर्ने कार्यमा अधिकारक्षेत्रको त्रुटि भई निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) को विपरीत भए गरेको कारणबाट आफैंले सरूवा गरी कुनै मनासिब आधार र कारण बिना सामूहिक रूपमा सरूवा बदर गर्ने सामान्य प्रशासन मन्त्रालय मन्त्रीस्तरीय निर्णय र सो निर्णयबमोजिम मिति २०६६।११।५ को गोरखापत्रमा प्रकाशित सूचना समेत निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) को विपरीत भई त्रुटिपूर्ण रहेकोले निवेदकहरूको हकमासम्म बदर भई सो निर्णय र सूचना निवेदकहरूको हकमा कार्यान्वयन नगर्नू नगराउनू भनी परमादेश जारी हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ५ गते रोज ३ शुभम् ।

१६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको रिट नं. ०३०७, उत्प्रेषण, *केदार बेलबासे वि. ज्योति उच्च माध्यमिक विद्यालय ठाडा, अर्घाखाँची समेत*

प्रा.वि.तहको शिक्षक भएको अवस्थामा उच्च मा.वि. तहको राजनीति शास्त्रको अध्यापन गराउन नियुक्ति भएपछि प्रा.वि. शिक्षकको पदाधिकार कायम राखी ज्योति उच्च मा.वि. मा काज सरूवा भएपश्चात् मिति २०५९।१२।११ देखि लागू हुने गरी निजले प्रा.वि. तहको शिक्षक पदबाट स्वेच्छिक अवकाश लिएको निवेदक उच्च माध्यमिक तहको शिक्षक पदमा स्थायी नियुक्ति भएको नभई निजको पद अस्थायी प्रकृतिको भएको पुष्टि हुने ।

अध्यापन गर्न तोकिएको राजनीति शास्त्र विषयको अध्ययन अध्यापन हुने गरेको अभिलेखबाट नदेखिएको भनी उच्च माध्यमिक शिक्षा परिषद्को पत्रबाट देखिएको र निरीक्षण हुँदा विषयगत शिक्षक नियुक्ति नभएको भनी विद्यालयको अनुदान रकम समेत रोक्का गरिएको अवस्थामा अस्थायी नियुक्ति पाएको निवेदक समेतका व्यक्तिलाई अवकाश गरी विषयगत शिक्षक नियुक्ति गरी पठन पाठन सुचारू गराउन र विद्यालयको रोक्का भएको अनुदान फुकुवा गराउन विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ५ गते रोज ३ शुभम् ।

१७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६६ सालको रिट नं. ०२९०, उत्प्रेषण, *मोहनचन्द्र सुवेदी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

सेती अञ्चलअन्तर्गतका कार्यालय बाहेक अन्यत्र सरूवा हुन नसक्ने निवेदकलाई भूलवश धौलागिरी अञ्चलअन्तर्गत बाग्लुङ्ग जिल्लामा सरूवा गरिसकेपछि सरूवामा भएको त्रुटि पत्ता लागेको अवस्थामा त्यस्तो त्रुटि सच्याउने प्रयोजनको लागि निवेदकको सरूवा बदर गर्ने सामान्य प्रशासन मन्त्रालयको मिति २०६६।५।१४ को निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असोज ५ गते रोज ३ शुभम् ।

१८

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. ०५६१, जबर्जस्ती करणी, *नेपाल सरकार वि. भरत श्रेष्ठ*

पीडितको समेत स्वास्थ्य परीक्षण गर्न मौकैमा कोशी अञ्चल अस्पताल पठाएकोमा सो अस्पतालको मिति २०६१।८।२९ को परीक्षण प्रतिवेदनमा करणीसँग सम्बन्धित लक्षण नदेखिएको साथै जबर्जस्ती करणीको लक्षण शरीरका अन्य भागमा पनि नदेखिएको भन्ने समेतको परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन आउँछ । उपरोक्तानुसारका वैज्ञानिक परीक्षणबाट पीडितलाई प्रतिवादी भरत श्रेष्ठले जबर्जस्ती करणी गरेको भन्ने स्पष्ट रूपमा पुष्टि हुन आएको नदेखिएको

अवस्थामा जाहेरी दरखास्त, पीडितकी आमाको बयान समेत खण्डित हुन पुगेको देखिन्छ । यस अवस्थामा प्रतिवादीले पीडितउपर जबर्जस्ती करणीको अपराध गरेको नदेखिई निजले पीडितलाई जबर्जस्ती करणी गर्ने मनसायले जबर्जस्ती करणी गर्न खोजेको तर पीडितकी आमाको आगमनले जबर्जस्ती करणीको अपराध घट्न नपाएकोले प्रतिवादीले पीडितउपर जबर्जस्ती करणीको उद्योगको वारदातसम्म घटाएको स्पष्ट हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

१९

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०८१९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. सुकराम राई*

पीडितको मौकाको बयान तथा अदालतको बकपत्र, निजको मौकामा गरिएको स्वास्थ्य परीक्षणको प्रतिवेदन तथा पीडितको योनी, घटना घटेको भोलिपल्टसम्म दुखिरहेको थियो भन्ने पीडितको आमाको अदालतसमक्षको बकपत्र समेतमा उल्लेख भएको देखिएको अवस्थामा प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान स्वतः खण्डित भएको देखिने ।

स्वास्थ्य परीक्षण प्रतिवेदन तथा प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेकोमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित रही बयान गरेको तथा निजले आफ्नो अदालतको इन्कारी बयानलाई तथ्ययुक्त तवरबाट पुष्टि गर्न नसकेको समेतका आधार एवं कारणबाट प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको ठहर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

२०

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको रिट नं. WO-०२४०, उत्प्रेषणयुक्त परमादेश, *शारदादेवी श्रेष्ठ वि. मालपोत कार्यलय, सिन्धुपाल्चोक समेत*

मोही हक बाँडफाँड गर्न मोही र जग्गाधनी दुबैको वा एक पक्षको मात्र निवेदन परेमा वा कसैको निवेदन नपरेमा पनि तोकिएको समयभित्र तोकिएको अधिकारीले बाँडफाँड गरी दिनुपर्ने कानूनी व्यवस्था भएको देखिँदा ऐनले सिर्जना गरेको हक अधिकारको सारभूत विषयमा तारेख गुज्रेको र नगुज्रेको एवं एवं तामेली जगाउने कार्यविधिगत प्रक्रियाले जग्गा बाँडफाँडमा कुनै तात्विक असर पार्न सक्दैन । सारवान कानूनले प्रदान गरेको अधिकारलाई सोही सारवान कानूनले नै कार्यविधि समेत निर्धारण गरेको स्थितिमा अन्य सामान्य कार्यविधिले सारवान कानूनले प्रदान गरेको अधिकार निस्तेज गर्न नमिल्ने ।

तारेख गुजारेको कारण मुद्दा डिसमिस भै जग्गा बाँडफाँडको कारवाही अन्त्य हुन्छ भन्ने अर्थ गरी मोही बाँडफाँडको कार्य अवरूद्ध हुने गरी कानूनको मर्म र भावनाविपरीत व्याख्या गर्न मिल्दैन। पक्षहरू आए पनि वा नआए पनि जग्गा बाँडफाँड गर्नुपर्ने कर्तव्य कानूनले नै निर्धारण गरेको अवस्थामा उपस्थित हुन आएको पक्षलाई तारेखमा राखी जग्गा बाँडफाँडको निर्णय गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

दुबै पक्ष तोकिएको अधिकारीसमक्ष उपस्थित भै आ-आफ्नो भनाई राख्दछन् भने कुरा मिलेको हदसम्म सोहीअनुसार बाँडफाँड गर्नुपर्ने हुन आउँछ । तर दुबै पक्ष उपस्थित भएनन् वा उपस्थित भए पनि बाँडफाँडमा कुरा मिलेन वा एक पक्ष उपस्थित भयो अर्को पक्ष उपस्थित भएन भने यस्तो स्थितिमा तोकिएको अधिकारीले दुबै पक्ष उपस्थित छैनन् वा सहमति भएन भनी निर्णय नगरी बस्न मिल्दैन । निजले एउटा निर्णय गर्नुपर्ने हुन आउँछ । त्यस्तो स्थितिमा जग्गा बाँडफाँड गर्ने प्रयोजनका लागि नरम गरम मिलाउन तोकिएको अधिकारीले प्राविधिकको सहयोग लिई निर्णय गर्न मिल्दैन भन्न नमिल्ने ।

खेती गर्ने जग्गालाई बाँडफाँड गर्दा सर्वप्रथम कुलो पानी र सम्भव भए बाटो समेत विचार गरी नरम गरम मिलाई बाँडफाँड गर्नुपर्ने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

२१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-०९५४, उत्प्रेषण, प्रतिषेध मिश्रित परमादेश, *ताराबहादुर बस्याल वि. कार्यकारी अध्यक्ष, गोरखापत्र संस्थान समेत*

आधुनिक न्याय प्रणालीमा निष्पक्ष सुनुवाई, प्रतिरक्षा वा आफ्नो कुरा भन्न, राख्न पाउने र एउटा निकाय वा अधिकारीले गरेको निर्णयलाई कम्तिमा पनि कुनै एक तहबाट जाँच्न वा परीक्षण गर्न पाउने कानूनी व्यवस्था गरी व्यक्तिलाई अधिकार दिएको हुन्छ । कुनै एक व्यक्ति वा निकायले गल्ती गर्न सक्छ त्यसकारण अर्को व्यक्ति वा निकायबाट निर्णय परीक्षण गर्नुपर्छ भन्ने मान्यताका आधारमा शुरू वा प्रारम्भिक तहबाट भएको निर्णयउपर माथिल्लो निकाय वा पदाधिकारी समक्ष वा निकायमा पुनरावेदन गर्न पाउने र त्यहाँबाट निर्णय परीक्षण गरिने ।

निर्णय वा फैसला परिवर्तन हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर प्रत्येक तहको निर्णय वा फैसला भएपछि निर्णय कार्यान्वयन नगरी विवादको अन्तिम निर्णय वा फैसला भएपछि मात्र निर्णय कार्यान्ययन गर्ने सर्वमान्य प्रचलन, अभ्यास कानूनी मान्यता रही आएको छ । तल्लो निकाय वा अधिकारीबाट भएको निर्णयउपर उजूर परेपछि माथिल्लो निकाय वा पदाधिकारीबाट परीक्षण भै अन्तिम भएपछि निर्णयमा परिवर्तन नहुने भएकोले तत्पश्चात् मात्र सो निर्णय कार्यान्वयन गर्नुपर्ने ।

संस्थानको सम्पत्ति हिनामिना गरेको ठहऱ्याई निवेदकबाट नोक्सानीको बिगो असूलउपर गर्ने संस्थानको कार्यकारी अध्यक्षको निर्णयउपर संस्थानकै सञ्चालक समितिसमक्ष पुनरावेदन परी विचाराधीन रहिरहेको अवस्थामा सो पुनरावेदनमा निर्णय भै अन्तिम भएपछि मात्र निर्णय कार्यान्वयन गर्नुपर्नेमा अन्तिम निर्णय नहुँदै बिगो असूलउपर गर्न भएको निर्णय र तलब कट्टा गरेको कार्य प्रचलित कानून, अभ्यास, र न्यायोचित समेत नदेखिँदा अन्तिम निर्णय भएपछि मात्र निर्णय कार्यान्वयन गरिने हुँदा सो पूर्व नै बिगो असूलीका लागि निवेदकको तलब कट्टा नगर्नु भनी विपक्षीको नाममा प्रतिषेध मिश्रित परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

२२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको स.फौ.पु.नं. ०४९१, २०६४ सालको स.फौ.पु.नं. ०८००, लागू औषध, *अनुकला राई वि. नेपाल सरकार, नेपाल सरकार वि.कपिलदेव महतो*

सामान्यतयाः लागू औषधको अवैध कारोवार विभिन्न कार्यजालो (Networking) को माध्यमबाट पनि गरिने प्रकृतिको हुँदा प्रतिवादी अनुकला राईको प्रयोगमा रहेको टेलिफोन नम्बर र निजको पहिचान प्रतिवादी कपिलदेवले गर्नु स्वाभाविकै नै रहेको देखिन आउने ।

मौकामा खडा गरिएको बरामदी मुचुल्काबाट अभियोग दावीमा उल्लिखित लागू औषध पुनरावेदक प्रतिवादी कपिलदेव महतोको साथबाट बरामद भएको, सो बरामदीलाई प्रतिवादीले अन्यथा भन्न नसकी प्रहरी कर्मचारीहरूबाट समेत बरामदीको सत्यता पुष्टि भएको, पुनरावेदक प्रतिवादी कपिलदेव महतोले अधिकार प्राप्त अधिकारीसमक्ष कसूरमा साबित भै अर्का पुनरावेदक प्रतिवादी अनुकला राईलाई पोल गरेको, निजको पोल सही सत्य सावित भएको, प्रतिवादी कपिलदेवले टिपाएअनुरूपको टेलिफोन प्रतिवादी अनुकला राईले प्रयोग गर्दै आएको र निजले सनाखत गरिदिएअनुरूप नै प्रतिवादी अनुकला राई पक्राउ परेकी हुन् भनी प्र.ना.नि. रीता बराल समेतले अदालतमा आई बकपत्र गरेको, लागू औषधको अवैध कारोवार विभिन्न कार्यजालो (Networking) को माध्यमबाट पनि गरिने प्रकृतिको

हुँदा यी प्रतिवादीहरूको बयानबाट यिनीहरू बीच पूर्व चिनजान रहे भएको स्पष्ट हुन आएको तथा पुनरावेदक प्रतिवादीहरू कपिलदेव महतोले आफ्नो अदालत समक्षको इन्कारी बयान तथा प्रतिवादी अनुकला राईले आफ्नो अधिकार प्राप्त अधिकारी तथा अदालतको इन्कारी बयान पुष्टि गर्न नसकेको समेतका आधार एवं कारणबाट प्रतिवादीहरूलाई जरीवाना र सजाय गरेको मिलेकै देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

२३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-००४३, उत्प्रेषण, *प्रदीप पुरी वि. पुनरावेदन अदालत, पाटन समेत*

घर दैलामा टाँसी तामेल गरिएको म्यादमा तेस्रो प्रतिमा सो तामेली मिति जनाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा बुझाई छुट्टै भरपाई गराई लिनु पर्छ वा तामेली प्रतिको पीठमा नै सो जनाई सहीछाप गराई लिनुपर्छ । त्यसरी म्याद पाएपछि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो सूचना पाटीमा तत्कालै टाँस्नेछ । त्यसरी गाउँ विकास समिति वा नगरपालिकालाई नबुझाएको वा नटाँसिएको कारणबाटै सम्बन्धित व्यक्तिको घरदैलामा रीतपूर्वक टाँसिएको म्याद बेरीत भएको नमानिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. ०६४-WO-००४२, *प्रदीप पुरी वि. पुनरावेदन अदालत, पाटन समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-०१४२, उत्प्रेषणयुक्त परमादेश, *पेम्बा याङ्जी लामा वि. पुनरावेदन अदालत, नेपालगञ्ज समेत*

निवेदनमा उठाएको विषयका सम्बन्धमा बाँके जिल्ला अदालतमा खिचोला मुद्दा चली सो मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको विषयलाई नजरअन्दाज गरी सो मुद्दालाई प्रत्यक्ष रूपमा असर पर्ने गरी सतही रूपबाट विपक्षीले नक्सा पाससम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी नसकेको अवस्थामा पनि नक्सा पास गरेको भन्ने गलत तथ्यलाई आधार लिई शुरू बाँके जिल्ला अदालतबाट भएको आदेश बदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगञ्जको आदेश तथ्य एवं कानून अनुरूपको नदेखिएकोले सो आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

## इजलास नं २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ०६६-WO-०९६३, उत्प्रेषण समेत, *कुलबहादुर खत्री वि. जिल्ला वन कार्यालय, दाङ्ग घोराही समेत*

कुनै उपचारको मार्ग नभएको अवस्थामा अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत उपचार खोज्न आउन हदम्यादको व्यवस्था नभए पनि मौकैमा आफ्नो अधिकारप्रति सचेत नरही तथ्ययुक्त पर्याप्त आधार र कारण बिना अति विलम्ब गरी उपचार खोज्न आउनेलाई अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल असोज २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ०६६-WO-१२०२, उत्प्रेषणयुक्त परमादेश र प्रतिषेध, *अस्मिता उपाध्याय वि. श्री काठमाडौं विश्वविद्यालय, धुलिखेल समेत*

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ ले उमेरको हदको सीमाङ्कन नतोकेको, विपक्षीहरूले

निवेदकलाई प्रवेश परीक्षामा सामेल गराई एम.बि.बि.एस. अध्ययनका लागि योग्य मानी भर्ना शुल्क लिई भर्ना गरी अध्ययन कार्यमा संलग्न गरिसकेपछि मात्र भूतप्रभावी असर गर्ने गरी मातृ ऐनले सीमाङ्कन नगरेको उमेरको हद १७ वर्ष हुने भनी काठमाडौं विश्वविद्यालय स्वास्थ्य विज्ञान कार्यकारी समितिले गरेको निर्णय मूल ऐनको मर्म, भावना र उद्देश्यप्रतिकूल हुनुका साथै अघि आफैंले स्वीकार गरेको निवेदिकालाई भर्ना गरी अध्यापन गराई सकेको तथ्यको बर्खिलाप हुन गएको र सो निर्णयबाट निवेदिकाले शिक्षा आर्जन गर्न पाउने संवैधानिक एवं कानूनी हकबाट वञ्चित हुनपर्ने स्पष्ट देखिनाले त्यस्तो निर्णय एवं सो निर्णयका आधारमा भएको काम कारवाहीलाई मान्यता प्रदान गर्न नसकिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०५५ सालको दे.पु.नं. ५०१३, २०५७ सालको दे.पु.नं. ७०८१, घर हटाई खिचोला मेटाई चलन, *बागमती परियार वि. पदमबहादुर पिया, रेशमकुमारी पन्त वि. पदमबहादुर पिया*

विवादित जग्गा प्रतिवादीले खिचोला गरेको देखिए पनि उक्त जग्गामा प्रतिवादीले बनाएको घर उठाउन कानूनले उल्लेख गरेको हदम्यादभित्र वादीको फिराद परेको नदेखिएको र प्रतिवादीमध्येका भैरवबहादुर पन्तले गंगाकुमारी परियारलाई २०३६।११।१० मा पारित गरी दिएको लिखतमा जालसाजी गरेको नठहरेकोले शुरू चितवन जिल्ला अदालतले प्रतिवादीले वादी दावीको जग्गा खिचोला गरी घर बनाएकोले प्रतिवादीले घर उठाई लानु पर्ने, वादीले खिचोला मेटाई चलन पाउने र प्रतिवादीमध्येका भैरवबहादुरले जालसाजी गरेको ठहऱ्याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०५४।३।१७ को फैसलामा प्रतिवादीले घर उठाई लानु पर्ने र प्रतिवादी भैरवबहादुरले जालसाजी गरेको ठहऱ्याएको हदसम्म मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६६-WO-०७०७, उत्प्रेषणयुक्त परमादेश, *माधवप्रसाद खनाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई अधिकार प्राप्त निकायबाट सरूवा गरिएको कार्यबाट संविधान र कानूनद्वारा प्रदत्त हकमा आघात परेको मान्न मिल्ने नदेखिँदा माग दावीबमोजिम रिट जारी हुनु पर्ने अवस्था नरहने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ३५१४, उत्प्रेषण मिश्रित परमादेश, *विद्यानन्द झा समेत वि. रामचन्द्र शाह समेत*

Doctrine of Acquiescence को सिद्धान्त कसैको कानूनी हक अधिकारको उल्लंघन भइरहेको अवस्थामा जसको हक अधिकारको उल्लंघन भएको छ त्यो चूप लागी कुनै उजूर नगरी बसेकोमा लागू हुने अर्थात् आफ्नो कानूनी अधिकारको उल्लंघनको स्थितिलाई विरोध नगरी, आफ्नो हकको उल्लंघन हुँदैछ भन्ने जान्दाजान्दै पनि चूप लागेर बस्छ भने त्यस्तो अवस्थामा Doctrine of Acquiescence लागू हुने हुन्छ । यसबाट पनि निवेदकहरूले का.स.मू. मूल्याङ्कनका सम्बन्धमा विज्ञापन हुँदाकै बखत थाहा पाएर पनि चूप लागी सो बखत उजूर नगरी पछि नतिजा प्रकाशन भएपछि मात्र उपचारको खोजीमा अदालत प्रवेश गरेको पाइँदा

निवेदकलाई उक्त सिद्धान्त समेतको आधारमा अदालतले न्यायको रोहमा मद्दत गर्न सकिने स्थिति नरहने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२-CI-८६३३, जग्गा खिचोला मेटाई हक कायम, *तुलबहादुर बरूवाल वि. रामलक्ष्मण दुबे*

पुनरावेदक प्रतिवादीले लुम्बिनी अञ्चल क्षेत्रीय बसोबास कार्यालयबाट प्राप्त गरेको जग्गाधनी प्रमाणपूर्जाका सम्बन्धमा प्रत्यर्थी/वादीले विवाद नउठाएको अर्थात् सोको वैधानिकताको सम्बन्धमा प्रश्न खडा गरी बदरका लागि कुनै निकायमा उजूर गरेको भन्ने वादीको कथन नरहेको परिप्रेक्ष्यमा अदालत स्वयंले विवादको सिर्जना गर्न न्यायिक दृष्टिबाट उपयुक्त एवं मनासिब हुँदैन । प्रतिवादीको नाउँमा जग्गा दर्ता हुने निर्णय मिसिल संलग्न नरहेको भन्ने आधारमा मात्र अधिकार प्राप्त निकायले गरेको निर्णयलाई बेवास्ता गरी प्रतिवादीको नाउँको दर्ता बदर गरी वादीको नाउँमा दर्ता गर्ने भन्न न्यायिक र कानूनी दृष्टिले मान्य हुन आएन । तसर्थ कि.नं. १०८२ को जग्गामा पुनरावेदक प्रतिवादी तुलबहादुर बरूवालको नाउँको दर्ता यथावत् कायम हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२-CI-८६३१, खिचोला मेटाई हक कायम गरी चलन चलाई पाऊँ, *तुलबहादुर बरूवाल वि. रामलक्ष्मण दुबे*
- २०६२-CI-८६३२, हक कायम, *तुलबहादुर बरूवाल वि. रामलक्ष्मण दुबे*

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२-WO-३८६५, उत्प्रेषण मिश्रित परमादेश, *शशिवंशी दत्त वि. जनकपुर नगरपालिका कार्यालय समेत*

रिट निवेदकको जनकपुर नगरपालिकामा गरेको सेवाको निरन्तरता यस अदालतको पूर्व (२०५१।२।१९) को आदेशले दिइरहेको र तत्कालीन बहाल रहेको नगरपालिका (कार्य व्यवस्था) नियमावली, २०४९ र पछि बनेको स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले समेत सेवामा कर्मचारी पुनःस्थापित भएमा बीचको अवधिको तलबभत्ता पाउने व्यवस्था गरेबाट निवेदकलाई विपक्षी नगरपालिकाबाट अवकाश दिएको त्रुटिपूर्ण भै सेवा पुनः स्थापित भएको २०५०।१।२७ देखि २०५१।२।२९ सम्मको तलबभत्ता दिन नमिल्ने भन्न मात्र नमिल्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल,** ०६३-CI-०५४१, जग्गा दर्ता, *मालपोत कार्यालय कास्की वि. कमला गुरूङ्ग*

एक पटक टुंगो लागिसकेको विवादलाई पुनः उठाई कसैको वैध हकको स्रोत र राजीनामाको जग्गालाई अरू कसैको दावी भएको अवस्थामा बाहेक दर्ता गर्न इन्कार गर्न न्यायसंगत नहुने ।

मिसिल संलग्न प्रमाणको मूल्याङ्कन गरी दावीको जग्गा वादी कमला गुरूङ्गले खरीद गरी लिएको राजीनामाभित्रको जग्गा देखिई छूट जग्गा दर्ता गर्न मिल्ने भनी मालपोत कार्यालयको निर्णय बदर गरी दावीको जग्गा प्रत्यर्थी वादीका नाममा दर्ता गरी दिनुपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ९३३, अबण्डा

गोश्वारा सम्पत्ति बण्डा गरिपाऊँ, *विष्णुभक्त लिम्बू समेत वि. भक्तबहादुर लिम्बू*

अर्काको नाममा रहेका र दर्ता स्रेस्ता फेला नपरेका जग्गालाई वादीको हक लाग्ने अबण्डा जग्गा भन्न नमिल्ने र सो जग्गाबाट बण्डा गर्न नमिल्ने ।

वादी दावीका अबण्डा रहेका भनिएका अन्य जग्गा प्रतिवादीहरूबाट ६ भागको १ भाग अबण्डा सम्पत्ति वादीले बण्डा गरी लिन पाउने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल,** ०६३-CI-०६२५, निर्णय बदर गरी हक कायम, *हरिमाया रेग्मी समेत वि. विवा घर्ती समेत*

बुझ्नु पर्ने प्रमाण नबुझी निर्णय गरेको वा प्रमाणको लागि वादी प्रतिवादीले पेश गरेको लिखत एक अर्कालाई देखाई सुनाई निर्णय गर्नुपर्नेमा सो कारवाही जिल्ला अदालतले नगरी निर्णय गरेको अवस्थामा पुनरावेदन अदालतले पनि सो प्रमाण बुझ्ने र लिखत देखाई त्यससम्बन्धी कारवाही गर्न सक्ने ।

इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने पनि ऐनबमोजिम जो बुझ्नुपर्ने प्रमाण बुझी आफैंले फैसला गर्नुपर्ने गरी पुनरावेदन सुन्ने अदालतलाई तोकिएकोमा सो कारवाही आफैंले नगरी पुनः निर्णय गर्न मिसिल जिल्ला अदालतमा पठाउने भनी गरेको पुनरावेदन अदालतको फैसला उक्त कानूनी व्यवस्थाको सन्दर्भमा त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६३-CI-०६२७ जग्गा हक कायम निर्णय दर्ता बदर, *हरिमाया रेग्मी समेत वि. परासर चापागाई*
- ०६३-CI-०६२८ जग्गा दर्ता, *हरिमाया रेग्मी समेत वि. परासर चापागाई समेत*

४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको रिट नं. ०८३३, उत्प्रेषण परमादेश, *संगीता पौडेल समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा शुरू नियुक्ति हुने कर्मचारीका सम्बन्धमा सम्बन्धित निकायबाट सिफारिश भई आएको दुई महिनाभित्र नियुक्ति दिनुपर्नेसम्म कानूनमा व्यवस्था भएको तर परीक्षाफल प्रकाशित भएको कति समय सीमाभित्र लोकसेवा आयोगले सिफरिश गर्नुपर्ने र ज्येष्ठता कहिलेदेखि कायम हुने भन्ने बारेमा कानूनमा कुनै व्यवस्था नभएकोले कानूनबमोजिम बाहेक यो यस मितिदेखि नै ज्येष्ठता कायम गर्नु भनी यस अदालतबाट विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३६९१, उत्प्रेषण मिश्रित प्रतिषेध, *गणेशप्रसाद बराल वि. कार्यरथी विभाग (प्राड विभाग) नेपाली जङ्गी अड्डा समेत*

अनियमित कार्य भए नभएको सम्बन्धमा छानबीन गर्ने अधिकार प्रचलित कानूनले तोकेको अधिकारी वा निकायबाट नै सम्पन्न हुनु पर्दछ । अनियमित कार्य भए नभएको सम्बन्धमा छानबीन गर्ने र अनियमित कार्य भएको भए आवश्यक कारवाही गर्ने वा कारवाहीको सिफारिश गर्ने अधिकारी जो सुकै पनि हुन्छ भनी मान्ने हो भने कानूनले निश्चित अधिकारीलाई कारवाही गर्ने अधिकारी तोक्नुको प्रयोजन निष्प्रयोजन हुने ।

सैनिक बाहेकका साझा स्वास्थ्य सेवाका कर्मचारीले आफ्नो औषधि खरीदमा अनियमितता गरेको भनी निर्णय गरी निज निवेदकबाट रकम दाखिल गराउनु भनी नेपाली जङ्गी अड्डाको हवाला

दिई लेखेको मिति २०६१।१२।९ को साझा स्वास्थ्य सेवाको पत्र कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृत : नरायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ जेठ १७ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३६६८, उत्प्रेषण परमादेश, *अशोककुमार तोदी वि. जिल्ला विकास समितिको कार्यालय, ललितपुर समेत*

कर लिन शुरू गरेको अवस्थामा नै रिट निवेदन लिई अदालतमा आउन नसक्नु र बिलम्ब गरी आउनु पर्नाको वस्तुनिष्ठ आधार र कारण समेत निवेदकले निवेदनमा खुलाउन सकेका छैनन् । यस अदालतमा रिट क्षेत्रमा आउन निश्चित हदम्यादको व्यवस्था नभए पनि रिट क्षेत्रमा जहिलेसुकै पनि आउन पाइन्छ, यसको कुनै समय हुँदैन भनी अर्थ गर्न पनि मिल्दैन । आफ्नो हकमाथि आघात पुगेको अवस्थामा तत्कालै उपचार माग गर्न आउन नसक्ने पर्याप्त कारण देखाउन सक्नु पर्छ अन्यथा उपचार माग गर्न आउनु पर्ने कारण पर्नासाथ अदालतमा आउनु पर्ने हुन्छ । बिलम्ब गरी आफ्नो हकाधिकारको बेवास्ता गरी आउने व्यक्तिलाई अदालतले मद्दत गर्न नसक्ने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ जेठ १७ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** ०६५-WO-०१२४,उत्प्रेषण परमादेश, *रविशंकर मिश्र वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, कास्की पोखरा समेत*

निवेदकलाई नोकरीबाट हटाउने अख्तियारी प्राप्त भएको प्रहरी उपरीक्षकबाट स्पष्टीकरण माग नगरी अधिकार नभएका प्रहरी निरीक्षकबाट स्पष्टीकरण सोधी सोही स्पष्टीकरणलाई आधार मानी प्रहरी उपरीक्षकबाट निज निवेदकलाई नोकरीबाट हटाउने गरी भएको मिति २०६३।६।२६ को निर्णय र त्यसलाई सदर गरेको प्रहरी नायब महानिरीक्षकको मिति २०६५।४।३० को निर्णय समेत प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०४९ समेतको प्रतिकूल देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकलाई हटाउने गरी भएको उक्त निर्णय बदर भएकाले निज निवेदकलाई सेवामा बहाल गरी नोकरीबाट हटाइएको अवधिदेखि बहाल भएको अवधिसम्मको तलब भत्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश समेत जारी हुने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** ०६५-WO-०१०४, परमादेश, *मानबहादुर तामाङ वि. पंकज श्रेष्ठ समेत*

आफूलाई सेवाबाट अयोग्य नठहरिने गरी हटाउने गरी भएको निर्णयउपर निजले प्रहरी नियमावली २०४९ को नियम ९२ को (३) बमोजिम सोही कार्यालयमार्फत् सोही नियमको उपनियम (४) को म्यादभित्र पुनरावेदन दिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ । निज निवेदक हुलाकमार्फत् अन्य कार्यालयमा पुनरावेदन पत्र दर्ता गर्न गएको भन्ने निवेदन व्यहोराबाट देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ९२(३) बमोजिमको प्रक्रियाद्वारा पुनरावेदनपत्र दर्ता गराउन गएको अवस्था देखिएन । कानूनले तोकेको प्रक्रिया अनुशरण गरी उपचारको मार्ग अवलम्बन नगरेको यस अवस्थामा निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** ०६६-CI-०५०९,मोही नामसारी, *महेन्द्रबहादुर कटुवाल वि. करमलाल चौधरी*

कानूनबमोजिमको प्रक्रिया पूरा गरी मोहीले जग्गा जोत्न छोडेको नदेखिएको अवस्थामा जग्गा जोत्न छोडेको भन्ने प्रतिउत्तर लेखाइसम्मकै आधारमा पुनरावेदक प्रतिवादीको जिकीर

विश्वसनीय देखिन आएन । प्रत्यर्थी वादीले आफ्नो बाबु साविकमा मोही रहेको हैसियतले आफूले जोतकोड गरेको भन्ने देखिएको यस्तो अवस्थामा प्रत्यर्थी वादीको पिताको मोहियानी हक समाप्त नभई कायमै रहेको मान्नुपर्ने हुन्छ । मोहियानी हक नटुटी निरन्तर कायमै रहेको अवस्थामा निज मोहीको मृत्युपछि निजको मोही हक निजको छोरा वादीको नाममा नामसारी हुन नसक्ने भन्न मिल्ने स्थिति नदेखिने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल बैशाख ३१ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-CI-०५१०, मोही बेदखली, *महेन्द्रबहादुर कटुवाल वि. करमलाल चौधरी*
- ०६६-CI-०५११, मोही लगत कट्टा, *महेन्द्रबहादुर कटुवाल वि. करमलाल चौधरी समेत*

१०

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** रिट नं. ०६३-WO-०१३७, उत्प्रेषणयुक्त परमादेश, *गोपीराम पुन वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

एक पटक विज्ञापनलाई स्वीकार गरी आफू अन्तर्वार्तामा असफल भएपछि मात्र शिक्षक सेवा आयोगबाट प्रकाशित सूचना नै कानूनविपरीत छ भन्ने दावी लिएबाट निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको रिट नं. ०६३-WO-०१८७, उत्प्रेषण, *देवीप्रसाद रेग्मी वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६५-WO-०२५७, उत्प्रेषण परमादेश, *लक्ष्मण ठाकुर वि. शिक्षा मन्त्रालय समेत*

रिट निवेदन दिंदा विपक्षी बनाउनु पर्ने भनी खुल्न पहिचान हुन नसकेको निकायहरू पछि लिखित जवाफबाट देखिन आएमा अदालतले आदेश गरी बुझ्न सक्छ । तर त्यस्तो अवस्था नभई आफूलाई सेवाबाट अवकाश दिने निकायका बारेमा यी निवेदकलाई पूर्व जानकारी रहेको पाइन्छ । यसरी जुन निकाय वा समितिको निर्णय बदर गर्न माग गरिएको छ, सो निकाय वा समितिलाई विपक्षी नबनाएको कारण त्यस्तो निकाय वा समितिको कुरा बुझ्न र निवेदकलाई अवकाश दिनुपर्ने आधार र कारणका सम्बन्धमा निजको कुरा सुन्न नसकिने हुन्छ । जसको विरूद्ध निर्णय गर्नुपर्ने भनी माग गरिएको छ त्यस्तो व्यक्ति, निकाय वा संस्थाको कुरा नसुनी प्रतिवादको मौका नदिई त्यस्ता निकायले गरेको निर्णय बदर गर्नु न्यायका मान्य सिद्धान्त प्रतिकूल हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल भदौ २ गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६३-WO-०४१०, उत्प्रेषण परमादेश, *यदुकला बोगटी वि. पुनरावेदन अदालत, पाटन समेत*

निवेदिकाले दावीका विवादित जग्गाहरू आफ्नो निजी आर्जनको भई अरू कसैलाई बण्डा गर्न कर नलाग्ने सम्पत्ति हुन् भनी दावी लिएको भए पनि ती जग्गाहरू निजी आर्जनका हुन् होइनन् भन्ने कुरा प्रमाणको मूल्याङ्कनका आधारमा गरिनुपर्ने भएको र सो तथ्यगत कुरा रिट क्षेत्रबाट हेर्न नमिल्ने ।

निवेदिकाले छोराका नाममा यो यो स्थानमा यो यो जग्गाहरू रहे भएको हुँदा ती जग्गाहरू रोक्का राखी मेरा नामका जग्गाहरू फुकुवा गरिपाऊँ भनी सम्बन्धित अदालतमा गएको

अवस्था पनि नदेखिँदा आफ्नो छोराउपर वैदेशिक रोजगार ठगीमा मुद्दा चलिसकेपछि प्रतिवादी छोराले नगद अंश लिई छुट्टिएको भनी अंशको भरपाई खडा गरेको देखिएको हुँदा निवेदिकाले रोक्का रहेको जग्गा फुकुवा गरिपाऊँ भनी दिएको निवेदनमा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालतबाट वैदेशिक रोजगारसम्बन्धी मुद्दाको बिगो समेतलाई विचार गरी रोक्का रहेको जग्गा फुकुवा गर्न नमिल्ने भनी विभिन्न मितिमा गरेका आदेशहरूमा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल भदौ २ गते रोज ४ शुभम् ।

१३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०९७४, मोही कायम फैसला बदर गरिपाऊँ, *जलेखा मुसलमान समेत वि. अब्दुल कलाम मुसलमान समेत*

जग्गावालाले मोहीलाई जग्गा कमाउन दिँदा सगोलका अंशियारसित मञ्जूरी लिनुपर्ने कानूनी व्यवस्था नभएको कारण प्रतिवादी यासिन मुसलमानले मोहीको हैसियत जग्गाधनीसँग कबुलियत गरी जग्गा कमाई बाली बुझाउन नपाउने भन्न पनि मिलेन । त्यस्तो कार्यलाई यी पुनरावेदकले चुनौती दिई सो कार्यलाई जालसाजी भन्न वा अन्यथा प्रमाणित गराउन सकेको समेत देखिँदैन । अन्यथा प्रमाणित नभएसम्म त्यस्तो कार्यलाई कानूनसम्मत नै मान्नुपर्ने हुन्छ । त्यस्तै ससुराले मोहीका हैसियतले जग्गा कमाउन नै नहुने भन्ने पनि भूमिसम्बन्धी ऐन,२०२१ मा व्यवस्था भएको पाइँदैन । यसरी कानूनबमोजिम प्रक्रिया पूरा गरी तयार भएका लिखत प्रमाणको आधारमा भूमिसुधार कार्यालयबाट मोही कायम हुने गरी निर्णय गरेको अवस्थामा त्यस्तो कार्यलाई प्रस्तुत फैसला बदर मुद्दाबाट बदर गराउन नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ बेशाख १७ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०९७५, मोही बाँडफाँड निर्णय बदर गरी पाऊँ, *जलेखा मुसलमान समेत वि. अब्दुल कलाम मुसलमान समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको CI-०३७०, पोखरी जग्गा खिचोला मेटाई सार्वजनिक गरिपाऊँ, *चौठी मण्डल धानुक वि. हरिनारायण यादव*

कि.नं. १०८ को जग्गामा वा सोमा रहेको पोखरीको सम्बन्धमा यो विवाद नभई कि.नं. २३७ को पोखरीका सम्बन्धमा विवाद रहेको सो कि.नं. २३७ को जग्गामा आफ्नो निजी भन्ने हकको कुनै पनि स्रोत प्रतिवादीले देखाउन र स्थापित गराउन नसकेको वा प्रतिवादीको निजी देखिने कुनै पनि प्रमाण समेत नभए नरहेको अवस्थामा उक्त कि.नं. २३७ को जग्गामा र सोमा रहेको पोखरीमा यी पुनरावेदक प्रतिवादीको कुनै हक वा सरोकारसम्म रहेको नक्सा मुचुल्का र सर्भे नक्सा समेतबाट नदेखिँदा दावीको पोखरी सार्वजनिक भई प्रतिवादीहरूले खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

१५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको फौ.पु.नं. ३५१६, बण्डा जालसाजी, *प्रदेशी कहार समेत वि. सोमई कहार*

जीउँदो मानिसलाई मरेको भनी उखडा विशेष अदालतमा जग्गा दर्ता गरी पाऊँ भनी चलेको मुद्दामा मुद्दा सकार गरी विवादित जग्गाहरू आफ्नो नाममा दर्ता गरी मिति २०५२।७।२ मा बण्डापत्र समेत गरेको कार्य कानूनसम्मत नहुने भनी प्रतिवादी नामको जग्गा दर्ता बदर भएको सन्दर्भमा नगरे नभएको झूठा कुरा गरे भएको हो भनी वा नमरेको मानिसलाई मरेको भनी अर्काको मुद्दा सकार गरी हक नपुग्ने अर्काको जग्गा आफूले

दर्ता गराई बण्डा समेत गरेको कार्य वादीको भाग अंशसम्मको हकमा जालसाजी देखिने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ बैशाख १६ गते रोज ४ शुभम् ।

१६

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८५२२, अंश हक कायम गरी नामसारी, *प्रदेशी कहार समेत वि. सोमई कहार*

जुन जग्गा सोमईका पिता जमुनाले दर्ता गरिपाऊँ भनी उखडा विशेष अदालतमा कारवाही चलाएको छ सोही जग्गाहरू रामप्यारेका नाममा दर्ता गराई बण्डा भएको अवस्था देखिन आएको छ । प्रतिवादी रामप्यारेले २०४०।१०।९ मा उखडा विशेष अदालतमा दिएको निवेदनमा मृत्यु भएको भनिएका सोमई र यी वादी अलग हुन् भनी भन्न समेत सकेको छैन । वादी सोमई कहारले बाबुको नाम जमुना कहार भनी लिएको नेपाली नागरिकताको प्रमाणपत्रलाई प्रतिवादीले अन्यथा भनी प्रमाणित गराउन सकेको छैन । अन्यथा प्रमाणित नभएसम्म सोमईलाई जमुना कहारकै छोरा मान्नु पर्ने हुन आउँछ । प्रतिवादीले वादी सोमई कहारलाई आफ्नो बंश अंशियार होइन भनी जिकीर लिए पनि प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम आफ्नो जिकीरलाई प्रमाणित गर्न सकेको नहुँदा वादी सोमई उखडा विशेष अदालतमा जग्गा दर्ता गरी पाऊँ भन्ने मुद्दा दर्ता गर्ने जमुना कहारकै छोरा यी प्रतिवादीका भतिज नाताका भनी देखिन आयो ।

त्यस्तै सोमई कहार जीउँदै रहेको अवस्थामा निजको मृत्यु भई सकेको भनी उखडा विशेष अदालतमा निवेदन दिई मुद्दा सकार गरी प्रतिवादी रामप्यारे कहारले उखडा मुद्दामा उल्लिखित कि.नं. १२६, ३५, ४१, ४५ का जग्गा आफ्नो नाममा दर्ता गराई बण्डा समेत गरेको देखिन आएको हुँदा प्र. रामप्यारेले त्यस्तो झूठा व्यहोराको आधारमा उल्लिखित जग्गा दर्ता गराई लिई बण्डा समेत गरेको कार्य कायम रहन सक्ने देखिँदैन । बाबुको नामका जग्गा छोराले नपाउने भन्न र जीउँदो व्यक्तिलाई मरेको भनी कायम भए गरेको स्वामित्वलाई मान्यता समेत दिन मिल्ने नदेखिँने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ असार १६ गते रोज ४ शुभम् ।

१७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०७५८, अंश दपोट, *रूपतारा तुलाधर वि. ज्ञानीतारा तुलाधर समेत*

अंशबण्डाको २७ नं. ले आफ्नो जिम्माको सम्पत्ति दबाए छिपाएमा मात्र दपोट ठहर्ने देखिन्छ । तर प्रस्तुत मुद्दामा दपोट गर्‍यो भनेको उल्लिखित जग्गाहरू प्रतिवादीहरूका नाममा दर्ता नै भएको अवस्था देखिँदैन । आफ्ना नाममा दर्ता नै नभएका जग्गाहरू तायदातीमा नदेखाउनु स्वाभाविकै हुन्छ र यस्तो कार्य मुलुकी ऐन, अंशबण्डाको २७ नं. को परिभाषा भित्र नपर्ने ।

सरोकार नै नभएका व्यक्तिलाई विपक्षी बनाई विपक्षी बनाउन पर्ने व्यक्तिलाई विपक्षी बनाउन नसकेको तथा दर्ता नै नभएका बेदर्ता जग्गालाई प्रतिवादीले दावीबमोजिम दपोट गरेको ठहर गर्न नमिल्ने ।

अंश दपोटको परिभाषाभित्र नपर्दैमा विवादित सम्पत्तिबाट वादी पुनरावेदिकाको यस प्रकृतिको हक सदैबका लागि लोप नहुने भई दावी गर्ने हक सुरक्षित नै रहने भएबाट दर्ता कायम हुन बाँकी उक्त जग्गाहरूका सम्बन्धमा दर्ता भएका बखत कानूनबमोजिम हुने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ असार १६ गते रोज ४ शुभम् ।

१८

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०६५-CI-०४५५, खिचोला समेत, *पुष्कलकुमार थापा वि. शारदा बिष्ट*

वादीको कि.नं. ३६० को जग्गाको क्षेत्रफल १-०-० रहे भएको स्रेस्ताबाट देखिन आएको छ ।

अदालतबाट मिति २०५१।९।१० मा भई आएको नक्साको न.नं. ८ र ९ को जग्गा वादीको कि.नं. ३६० भित्रको जग्गा भनी जनिएको पाइन्छ । उक्त न.नं. ८ र ९ को क्षेत्रफल १-०-० रहेको तथ्य नक्सा मुचुल्काबाट देखिएको छ । यसबाट स्रेस्ताअनुसारको वादीको जग्गा न.नं.८ र ९ बाट पुगिरहेकोमा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको देपु.नं. ८८२६, घर भत्काई पाऊँ समेत, *पुष्कलकुमार थापा वि. शारदा बिष्ट* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०६४-CR-०११५, साधारण चोरी, *नेपाल सरकार वि. रामबहादुर कार्की*

चोरीको वारदात भएको मितिको घटनाक्रमअनुसार पटक कायम हुने नभै अदालतबाट फैसला हुँदा चोरीको कसूर ठहर गरी सजाय भएको आधारमा पटक कायम गर्नुपर्ने देखिन्छ । तसर्थ फौ.दा.नं. ६९/१५२ को चोरी मुद्दामा यी प्रतिवादीलाई सजाय भइसकेको अवस्थामा पनि वारदात मितिलाई आधार मानी प्रस्तुत मुद्दाको वारदात पहिले घटेको भनी पटक कायम गरी सजाय नगर्ने ठहऱ्याएको शुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला उक्त चोरीको ११ नं. को प्रतिकूल हुन गई मिलेको नदेखिँदा सो फैसला त्यस हदसम्म केही उल्टी भई यी प्रत्यर्थी प्रतिवादी काले भन्ने रामबहादुर कार्कीलाई अभियोग दावीअनुसार मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम प्रस्तुत मुद्दामा दोस्रो पटक कायम गरी निजलाई तीन महिना कैदको सजाय हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

२०

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. १०७८, क्षतिपूर्ति दिलाई पाऊँ, *टीकाबहादुर ऐरी वि. जिल्ला विकास समितिको कार्यालय सुर्खेत समेत*

नागरिक अधिकार ऐन, २०१२ को दफा ९ मा भएको व्यवस्थाबमोजिम नागरिकको सम्पत्ति सरकारले अपहरण गरेमा वा नोक्सान पुऱ्याएमा त्यस्तो सम्पत्ति फिर्ता पाउन वा हर्जाना वा क्षतिपूर्ति प्राप्त गर्न नागरिकले सोही ऐनको दफा १८ बमोजिम पुनरावेदन अदालतमा उजूर गर्न पाउने व्यवस्था हो । उक्त दफा ९ बमोजिम सरकारले नागरिकको सम्पत्तिमा नोक्सान पुऱ्याएमा वा अपहरण गरेमा मात्र त्यस्तो सम्पत्ति प्राप्त गर्न वा हर्जाना, क्षतिपूर्ति प्राप्त गर्न दफा १८ बमोजिम पुनरावेदन अदालतमा उजूर गर्ने हक हुन्छ । तर प्रस्तुत मुद्दामा पुनरावेदकले सरकारले वा सरकारको निर्णयले निजको सम्पत्ति वा घर भत्काउन लगाएको तोडफोड गरेको भन्न वा स्थापित गर्न सकेको देखिँदैन । जिल्ला विकास समिति तथा गाउँ विकास समिति स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थापित व्यक्ति सरहका कानूनी निकायहरू भएकाले त्यस्ता व्यक्ति सरहका निकायले पुनरावेदकको घर भत्काएकै भए पनि नेपाल सरकारले भत्काए वा भत्काउन लगाए सरह क्षतिपूर्ति दावी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ जेठ १६ गते रोज १ शुभम् ।

२१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३४७४, उत्प्रेषण परमादेश समेत, *टीकाबहादुर ऐरी वि. उत्तरगंगा गाउँ विकास समिति, गाउँ विकास समितिको कार्यालय सुर्खेत समेत*

घर निर्माणका सम्बन्धमा उजूरी परेमा स्वीकृति दिएबमोजिम निर्माण कार्य हुन लागेको छ छैन भन्ने अनुगमन गर्ने अधिकार पनि सो स्वीकृति दिने निकायलाई भएको स्वतः सम्झनु पर्ने हुन्छ ।

कानूनविपरीत कसैको काम कर्तव्यबाट व्यक्तिको संवैधानिक एवं कानूनी अधिकार हनन् भएको अवस्थामा रिट क्षेत्रबाट सो अधिकार प्रचलन गराई दिन पर्ने हुन्छ । तर विवाद परी सो विवादको टुंगो नलागेसम्म केही समयसम्म निर्माण कार्य स्थगन गरिएकोमा त्यस्तो कार्यलाई नागरिकको संवैधानिक अधिकार अतिक्रमण भएको भनी सम्झन नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ जेठ १६ गते रोज १ शुभम् ।

२२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ९६०९, ९६१०, परमादेश, *रामेश्वरीदेवी यादव वि. फुलमतियादेवी यादव, अनीलकुमार यादव वि. फुलमतियादेवी यादव*

हक निखनाई दिने ठहरेको दावीको कि.नं. २२० को जग्गा वैधानिक हकवाला अनीलकुमार यादवले रामेश्वरी यादवलाई हालैको बकसपत्र गरी हक हस्तान्तरण गरी तेस्रो पक्षको हक सिर्जना भइसकेको देखिँदा सक्षम निकायबाट त्यस्तो हक हस्तान्तरणको कार्य बदर गराई नल्याएसम्म सो लिखत र लिखतबमोजिम भएको दर्ता स्वतः बदर हुन नसक्ने र प्रस्तुत मुद्दा परमादेशसम्मको माग गरी परेको र परमादेशको माध्यमबाट मालपोत कार्यालयबाट भएको निर्णय बदर गर्न मिल्ने अवस्था समेत नदेखिएको हुँदा परमादेशको रोहमा उत्प्रेषणको प्रभाव दिने गरी मालपोत कार्यालय सप्तरीबाट मिति २०६१।३।११ गते भएको आदेशलाई निष्क्रिय हुने गरी पुनरावेदन अदालत राजविराजबाट परमादेश जारी गर्ने ठहऱ्याएको फैसला त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : नरायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ जेठ १६ गते रोज १ शुभम् ।

२३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WO-१११४, उत्प्रेषण परमादेश, *कमलराज ढकाल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

उजूरी सुन्ने लोकसेवा आयोगले निर्णय गर्दा निवेदकको कुन संवैधानिक हकलाई उल्लंघन गरेको हो भन्ने अवस्था वा कानूनबमोजिम बाहेक औचित्य र विवेकको आधारमा रिट निवेदकको नाम बढुवामा समावेश नगरेको कार्यबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको मान्न नमिल्ने ।

पूर्व संयुक्त इजलासबाट निवेदक शिवराम पोखरेल विरूद्ध लोक सेवा आयोग समेत भएको ०६५-WO-०९९१ को उत्प्रेषण परमादेश मुद्दामा "लोकसेवा आयोगसमक्ष पुनरावेदन सरहको उजूरी विचाराधीन रहेको अवस्थामा कुनै कारणबश बढुवा समितिले सिफारिश गरी बढुवा गरेको पद रिक्त हुन आएमा त्यसरी रिक्त हुन आएको पदमा दरखास्त भर्ने सम्भाव्य उम्मेदवारहरूमध्ये निजामती सेवा ऐन, २०४९ को दफा २४(२) बमोजिम प्राप्ताङ्क सबभन्दा बढी जसको छ, उसलाई रिक्त भएको पदमा लोकसेवा आयोगले पुनरावेदकीय अधिकार प्रयोग गरी बढुवा गर्न सक्छ" भनी मिति २०६६।७।१७।३ मा आदेश भई सिद्धान्त प्रतिपादन भई रूलिङ्ग कायम रहेको र सो रूलिङ्गसँग यो इजलास सहमत हुन नसकेकोले प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(ख) बमोजिम निर्णयार्थ पूर्ण इजलाससमक्ष पेश हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

२४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WH-००६७, बन्दीप्रत्यक्षीकरण, *लाक्पा डोमा शेर्पा वि. राजश्व अनुसन्धान विभाग समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (२) मा "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन" भन्ने व्यवस्था रहेको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७

को उपदफा (१०) बमोजिम माग गरिएको धरौटी दिन नसकी सोही ऐनको दफा १७ को उपदफा (१२) बमोजिम यी निवेदक थुनामा रहेको देखिँदा निजलाई कानूनबमोजिम नै थुनामा राखिएको मान्नुपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

२५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २९५४, उत्प्रेषण परमादेश, *केशवराज कर्णजित वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

बढुवा सिफारिशका अन्तिम क्रमसंख्यामा रहेको व्यक्तिले प्राप्त गरेको अङ्कभन्दा विपक्षी समेतले प्राप्त गरेको अङ्क बढी भएको र यी निवेदकले प्राप्त गरेको अङ्क घटी रहेको अवस्थामा शिक्षक सेवा आयोगले यी निवेदकभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरूलाई बढुवाका लागि सिफारिश गरेको निर्णय कानूनसंगत नै भएको हुँदा निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** २०६२ सालको स.फौ.पु.नं. ३५८८, नागरिकता, *नेपाल सरकार वि. राजेश्वर मण्डल समेत*

गैरनेपाली नागरिकलाई नागरिकता दिलाउन ढाँटी आफ्नो भाइ हो भनी सनाखत गर्ने व्यक्ति गंगाराम साह तेलीले खराब उद्देश्य लिई कार्य गरेको पुष्टि र प्रमाणित भई कसूर अभियोगमा सजाय समेत भैसकेको र झूठा विवरण भरी नेपाली नागरिकता लिने अर्का प्रतिवादी गैरनेपाली नागरिक शीला साह तेलीको समेत कसूर अपराध कायम भै नागरिकता समेत बदर भई सकेपछि सिफारिश गर्ने प्रतिवादी राजेश्वर मण्डलले खराब नियतले सिफारिश गरेको नभै सर्जमिनमासम्म बसेका देखिएको र प्रतिवादीहरूले गंगाराम साह तेलीको घरघडेरी जग्गा बिक्री गर्ने कार्यमा सर्जमिनमा बसेको भनेबाट समेत निज प्रतिवादीहरूको कसूर प्रमाणित भएको अवस्था नदेखिएकोले कसूरदार ठहऱ्याउनु न्यायसम्मत नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको फौ.पु.नं. ३४२०, सरकारी छाप दस्तखत कीर्ते, *सुरेशकुमार गुप्ता हलुवाई वि. नेपाल सरकार*

कार्यालयको सक्कल पत्र गायब गरी यी पुनरावेदक समेतका प्रतिवादीहरूले पुनरावेदक प्रतिवादी सुरेशकुमार गुप्तालाई नागरिकता बनाउने कार्यमा सक्कल कागजमा कीर्ते गरी मिति २०५३।३।२७ को नागरिकता विवरण रजिष्टरमा सि.नं. १००० मा विर्षिदेवी सदाइनको नाम केरी सो महलमा गोपालजी गुप्ता हलुवाइको नाम लेखी फोटो समेत टाँसी सही समेत गरेको देखिन्छ । कीर्ते पत्र तयार गर्ने देवनारायण मुखिया भएको कुरा विशेषज्ञको हस्ताक्षर जाँच प्रतिवेदनबाट देखिँदा सक्कल पत्र गायब गरी कीर्ते पत्र तयार गरेको भन्ने पुष्टि हुन आयो, जुन कीर्ते पत्र यी पुनरावेदक प्रतिवादीले नागरिकता पाउन पेश गरेको दरखास्त फाराममा रहेको हुँदा यी पुनरावेदकले आफूले नागरिकता पाउनका लागि हर सम्भवका कीर्ते कार्य गर्न गराउनमा मद्दतगार भई कार्य गरेको पुष्टि हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** २०६६ सालको स.फौ.पु.नं. ३४८०, भ्रष्टाचार, *रामजीप्रसाद रौनियार वि. नेपाल सरकार*

लाभको पद धारण गरेका प्रतिवादी रामजीप्रसाद रौनियार नेशनल ट्रेडिङ्ग लिमिटेडको सञ्चालक भएको र संस्थाको नीति निर्माण गर्ने गरिमामय पदमा आसीन निज सञ्चालकले सञ्चालक भई काम कारवाही गर्दाका अवस्थामा खराब बद्नियतकासाथ लिने खाने उद्देश्यले नक्कली तथा वास्तविकभन्दा बढी रकमको बील बनाई पेश गरी भुक्तानी लिएको कार्यबाट निज पुनरावेदक प्रतिवादीले आफ्नो पदीय हैसियत, जिम्मेवारी र ओहदाको मर्यादाविपरीत गैरकानूनी आर्थिक लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको प्रमाणित भएको तथ्य स्थापित हुँदा निजलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेकोमा बिगो रू. १,३२,१५६।२८ भराई बिगो बमोजिम जरीवाना समेत हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चेत २४ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको स.फौ.पु.नं. ३७५९, ३२७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामसेवक फरकार समेत, नेपाल सरकार वि. श्रीकिशुन यादव*

प्रतिवादीहरूले वारदात घटनास्थलमा हतियार साथमा लिई मृतक रामचन्द्र साहलाई भाग्न उम्कन नदिई घेराउमा पारी संवेदनशील अंग टाउको लगायत शरीरका विभिन्न भागमा हतियार प्रहार गरी काटकुट गरेको कारण ज्यान मर्न गएको र यो यसको चोटबाट ज्यान मरेको भनी यी प्रतिवादी लगायत मिसिल प्रमाणबाट खुल्न नसकेको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर अपराध कायम गरी सजाय गर्नुपर्नेमा घेराउ पारी मार्न संयोग पारी दिनेसम्मको कार्य ठहर गरी ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला नमिलेकोले उल्टी भई प्रतिवादीहरू रामसेवक फरकार, रादयाल यादव र मुसहर भन्ने श्रीकिसुन यादवले मृतक रामचन्द्र साहलाई ज्यानसम्बन्धी महलको १३(३) नं.को कसूर अपराध गरी ज्यान मारेको देखिँदा यी तीनै जना प्रत्यर्थी प्रतिवादीहरूलाई सोही ऐनको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको WO-०६८१, उत्प्रेषण परमादेश, *सुनिलकुमार पाण्डे वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ उपदफा (७घ) मा माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । यी निवेदक स्वास्थ्य सेवामा प्रवेश गर्दा हेल्थ असिस्टेन्ट पदमा प्रवेश गरी हेल्थ असिस्टेन्टबाट स्तरवृद्धि हुँदै हाल सातौं तहमा कार्यरत रहेको भनी रिट निवेदनमा उल्लेख गरेको देखिँदा निदकको जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्ने गरी सरूवा गर्न नमिल्ने देखिँदैन । त्यसरी भएको सरूवालाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको WO-००१३, उत्प्रेषणयुक्त परमादेश, *रीताकुमारी ठाकुर वि. पुनरावेदन अदालत, राजविराज समेत*

घरमा बस्न खान लाउन समेत पति वा पिताले नदिएपछि आफ्नो तथा छोराको भरणपोषण, शिक्षा तथा स्वास्थ्योपचारको लागि अंश तथा मानाचामलका लागि दिएको मुद्दाहरूको अन्तिम निर्णय भई बण्डा नछुट्याउँदासम्म त्यस्तो सम्पत्तिको वास्तविक रुपमा उपभोग गर्न पाउने स्थिति नहुँदा निवेदिका र निजको नाबालक छोराको जीवन निर्वाहको लागि वस्न खान लाउन शिक्षादिक्षा

एवं स्वास्थ्योपचारमा निजहरूको संरक्षक रहेका पति तथा पिताले नै विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । पति पिताले आफ्नो सामाजिक एवं नैतिक कर्तव्य र दायित्वबाट भाग्न उम्कन नमिल्ने ।

लोग्ने वा बाबुआमाले स्वास्नी वा छोराछोरीलाई आफ्नो इज्जतआमद अनुसार खान लाउन र आवश्यकता अनुसार उचित शिक्षादिक्षा र स्वास्थ्योपचारको व्यवस्था गर्नुपर्ने हुन्छ । यस्तो दायित्वबाट लोग्ने वा बाबुआमा मुक्त हुन नसक्ने ।

लोग्नेले खान, बस्न, शिक्षादिक्षा र स्वास्थ्योपचार समेतको कानूनी तथा सामाजिक दायित्व निर्वाह नगरेको अवस्थामा दैनिक जीवन गुजाराको लागि मानाचामल बापतको रकम तत्काल नदिँदा जीवनमरणको सवाल समेत उत्पन्न हुन जाने हुन्छ । घरमा बस्न, खान नदिई निकालिएका निरीह महिला र नाबालक छोराको लागि लोग्ने वा पिताको मासिक नियमित आयस्रोतबाट अंश मुद्दाको फैसलाबाट अंश नपाउँदासम्मको अवस्थामा जीवन निर्वाहको लागि खर्च रकम भराई दिन नसक्ने भन्न नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ०९३६, अवण्डा जग्गा बण्डा गरिपाऊँ, *अमिरूल खाँ वि. नहविन खातुन समेत,* २०६३ सालको दे.पु.नं. ०९२४, *नहविन खातुन समेत वि. अमिरूल खाँ*

एक पटक बण्डापत्र गरी स्वीकार गरी चित्त बुझाई बसेको र बण्डा गर्नुपर्ने सम्पत्ति बाँकी छैन भन्ने व्यहोरा सो पारीत बण्डापत्रमा परिसकेपछि सोही प्रतिवादीबाट यी वादीले पुनः अंश पाउने अवस्था हुँदैन । बण्डापत्रको लिखत कायम रहेबाट यी वादी र प्रतिवादी भिन्न भइसकेको मान्नुपर्ने हुन्छ र भिन्न भइसकेको अंशियारबाट कुनै पक्षले अर्कोबाट अंश प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल असार २ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ७८४९, ८०२८, निर्णय बदर समेत, *डम्बरबहादुर बस्नेत वि. कृष्णमान श्रेष्ठ समेत, भाइकृष्ण रानाभाट वि. कृष्णमान सिंह बस्नेत समेत*

विवादित कि.नं. ३०५, कि.नं. ३०६ र कि.नं. ३२२ का जग्गाहरू प्रतिवादीहरूको निजी आर्जनको हो, होइन भन्नेतर्फ निजहरूको निवेदन र दावी रहेको छैन । वादी दावीको जग्गा २०३८।११।६ मा बण्डापत्र पारित भएपछि आफ्नो निजी आर्जनबाट आफ्नो नाममा आएको भन्ने प्रतिवादीहरूको जिकीर रहेको छैन । यस्तो जिकीर नै नभएको अवस्थामा सो सम्बन्धी प्रमाण हुने वा रहने प्रश्नै छैन । अर्कोतर्फ बाजे हरिमानले तिमीले एकलौटी खानु भनी प्रतिवादी डम्बरबहादुरलाई कुनै कागज गरिदिएको अवस्था समेत देखिँदैन । यस्तो अवस्थामा उक्त विवादित तीन कित्ता जग्गामा प्रतिवादी मात्रको हक रहेको भन्न मिल्ने देखिन आउँदैन । प्रतिवादीसँग समान अंशियार र नाताका यी वादीहरूको समेत ती जग्गाहरूमा समान हक लाग्ने देखिँने ।

अंशबण्डामा नदेखाइएको र अंशियारहरूको अंश हक लाग्ने सम्पत्ति अवण्डा सम्पत्ति सरह हुन्छ । त्यस्तो सम्पत्तिमा अंशहकको आधारमा दावी गर्न हदम्याद लाग्ने कुरै नआउने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ००९८, जग्गा खिचोला मेटाई सार्वजनिक, *वहितुन निस्सा मुसलमान समेत वि. कृष्णकुमारी पाण्डे*

सार्वजनिक कुलोको न.नं. ९, ९/१ र ११/१ को जग्गा प्रतिवादीहरूले मिची आफ्नो जग्गामा मिसाई खिचोला गरेकोले त्यति हदसम्म

खिचोला गरेको ठहर गरी सार्वजनिक जग्गामा लगाइएको पर्खाल भत्काई पाउने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको रिट नं. WO-०१०१, उत्प्रेषण, *बनारसीकुमारी साह वि. अनिल नायक समेत*

पुनरावेदन अदालतले २०६३।४।१८ को आदेशबाट जिल्ला अदालतले २०६३।१।१८ को आदेशबाट गरेको गल्ती सच्याइएकोसम्म देखिन्छ । पुनरावेदन अदालतको उक्त आदेशमा कुनै कानूनी त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान रहेको देखिँन आउँदैन । त्यसबाट यी निवेदकको कुनै कानूनी वा संवैधानिक हकको अतिक्रमण भएको वा हुने अवस्था छैन । उचित कानूनी प्रक्रियापछि Due Process of Law अन्तर्गत भएको आदेशबाट कानूनी हकमाथि अतिक्रमण भएको भन्ने अर्थ गर्न नमिल्ने ।इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. WO-०१००, उत्प्रेषण, *बनारसीकुमारी साह वि. मोहन महासेठ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ५२२, ज्यान मार्ने उद्योग, *उपेन्द्र शाक्य वि. नेपाल सरकार*

जुन वारदातबाट ज्यान मार्ने उद्योगको कसूर गरेको भनी जाहेरी परेको र सोही जाहेरीको आधारमा अभियोगपत्र दायर भएको छ । निज घाइतेको मृत्यु भएपश्चात् यिनै प्रतिवादीउपर सोही वारदातको कारणबाट घाइतेको मृत्यु भएको भनी ज्यानसम्बन्धी १३(३) नं. अन्तर्गत सजायको माग दावी लिई पुनः कर्तव्य ज्यान मुद्दा चलेको देखिन्छ । यसै लगाउको फौ.पु.नं. ५२१ र ४१० को सोही कर्तव्य ज्यान मुद्दा फैसला हुँदा रायबाझी भई निर्णयार्थ पूर्ण इजलासमा पेश हुने भइसकेको अवस्थामा ज्यान मार्ने उद्योगतर्फ कारवाही निर्णयको कुनै औचित्य बाँकी नरहेकाले जिल्ला अदालतको फैसला उल्टी गरी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ४१०, ५२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उपेन्द्र शाक्य, उपेन्द्र शाक्य वि. नेपाल सरकार*

**मा.न्या. श्री ताहिर अली अन्सारीको राय :**

समग्र परिस्थिति एवं घटनाक्रमको विश्लेषण र सम्बद्ध प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा मर्ने सिर्जनवीर कंसाकारउपर यी प्रतिवादीले शारीरिक क्षति पुऱ्याउने र कुरूप बनाउने नियतले एसीड फालेको देखिए तापनि निजको ज्यान लिने उद्देश्यले एसीड फालेको नदेखिँदा निजको मृत्यु पनि सो एसीड वा त्यसबाट सिर्जना भएको घाउ वा पीडाबाट वा त्यसको निरन्तरमा ज्यानसम्बन्धीको ९ नं. अन्तर्गत ज्यान मरेको वारदात भएको भन्ने पनि देखिँन आएन । यसरी प्रतिवादीको कार्य र व्यवहारबाट मृत्यु नभएको अवस्थामा निजले आरोपित कर्तव्य ज्यानको कसूर गरेको भन्न नमिल्ने ।

प्रतिवादीले ज्यान मार्ने कसूर गरेको प्रमाणित हुन नसकेकोले निजलाई दावीअनुसार वा ज्यानसम्बन्धीको १४ नं. अनुसार सजाय गर्न पनि नमिल्ने ।

**मा.न्या. श्री भरतराज उप्रेतीको राय :**

मुलुकी ऐनमा तत्कालको अवस्थालाई विचार गरी राखिएका व्यवस्थाहरू समयान्तर र विकासको क्रममा कुनै व्यक्तिको ज्यान मार्नको लागि प्रयोग हुने परम्परागत हतियारभन्दा धेरै गुना

घातक साधनको विकास र प्रयोगबाट कसैको ज्यान लिन सकिने प्रविधिहरू विकास भएको सन्दर्भमा शाब्दिक अर्थभन्दा उद्देश्य तथा प्रयोजनमूलक अर्थ गरी प्रतिवादीको अपराधिक दायित्व निर्धारण गर्नु पर्दछ । प्रतिवादीको मृतकलाई मार्ने मनसाय रहेको नदेखिनुका साथै लुकिछिपी तेजाब (Acid) हालेको अवस्था पनि नभएको हुँदा तथा तेजाब (Acid) को बन्दोबस्त गरी मृतकको मुखमा छ्यापेको कारणले उत्पन्न घाउको जरिया र पीडाबाट मृतकको मृत्यु भएको अवस्थामा प्रतिवादीले आरोपित कसूर गरेको देखिने ।

प्रतिवादीले मृतकलाई मनसायपूर्वक तेजाब (Acid) को व्यवस्था समेत गरी मुखमा हालेको कारण सोही घाउ चोटलाई उपचार गर्ने क्रममा मृत्यु भएको घटनाक्रमले सिलसिलेवार रूपमा पुष्टि गरिरहेको हुँदा प्रतिवादीले तत्काल उठेको रिसको आवेगमा तेजाब (acid) मुखमा छ्यापेको कारणले सोही चोटको पीडाबाट मृतकको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीबाट व्यक्त भएको रायसंग असहमति हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६-WO-०३६४, उत्प्रेषणयुक्त परमादेश, *राजिवबिक्रम शाह वि. भूमिसुधार तथा व्यवस्थापन विभाग समेत*

मालपोत ऐन, २०३४ को दफा ३२ख मा भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकले अदालतमा उजूर पर्नुअघि वा अदालतको निर्णय अन्तिम भएपछि मात्र मातहत कार्यालयबाट भएको त्रुटि सच्याउन सक्ने देखिएकोमा भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकले मिति २०६६।४।४ मा निर्णय गरेको विषयसँग अन्तरनिहीत विवादले अदालत प्रवेश गरी अन्तिम नभई विचाराधीन अवस्थामा नै रहेको देखिएकाले भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकले मिति २०६६।४।४ मा गरेको उक्त निर्णयमा उपरोक्त कानूनी व्यवस्थाको त्रुटि देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब अदालतमा विचाराधीन रहेको रिट निवेदनमा उल्लिखित दावीसँग अन्तरनिहीत विवाद अदालतबाट अन्तिम निर्णय भएपश्चात् उक्त निर्णयअनुरूप कार्यान्वयन गर्ने गरी निवेदकको नाममा कायम रहेको जग्गा पूर्ववत् अवस्थाअनुरूप यथावत् राखी विवाद अन्तिम भएपछि मात्र फैसलाअनुरूप जो जे गर्नुपर्छ कानूनबमोजिम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

- यसै लगाउको रिट न. २०६६-WO-०४६७, उत्प्रेषणयुक्त परमादेश, *अजबबिक्रम शाह वि. भूमिसुधार तथा व्यवस्थापन विभाग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३२४२, उत्प्रेषण समेत, *वसन्तबहादुर श्रेष्ठ वि. मालपोत कार्यालय, काठमाडौं समेत*

**मा.न्या.श्री प्रेम शर्माको राय :**

जग्गाको मूल्य प्राकृतिक प्रकोप वा असामान्य परिस्थितिमा बाहेक प्रतिवर्ष घट्ने नभई क्रमशः वृद्धि हुँदै जाने शास्वत सत्यलाई इन्कार गर्नुपर्ने अवस्था हुँदैन । विवादित जग्गा असामान्य परिस्थितिका कारण स्वरूप बिग्रन गई जग्गाको मूल्य ह्रास हुन गएको भन्ने विपक्षीको भनाई रहेको पनि देखिन आउँदैन । आफूले ऋण प्रवाह गर्दा ७३ लाख भन्दा बढी मूल्याङ्कन गरी ऋण प्रवाह गरेको र

सो भन्दा घटी मूल्यमा आफैंले सकार गर्दा सोको सूचना प्राप्त गर्ने निवेदकको कानूनद्वारा संरक्षित अधिकार हो । निवेदकको सुसूचित हुन पाउने हक अधिकारलाई कुण्ठित गर्न पाउने छूट कसैलाई पनि प्राप्त छैन । साम्पत्तिक अधिकारभित्र मूल्यको अधिकार पनि महत्वपूर्ण हुने ।

आर्थिक कारोवार दुबै पक्षबीच सदासयपूर्ण शर्त राखी गरिने व्यवहार हो, जसबाट एक पक्षले कर्जा प्रवाह गर्ने तथा अर्को पक्षले कर्जा उपभोग गर्ने गरी दुबै पक्षमा समान रूपमा कानूनी कर्तव्य तथा दायित्व आश्रित हुन्छन् । व्यवहार सुसञ्चालन गर्दा कतिपय अवस्थामा समयमा लिएको कर्जा तिर्न नसक्दा ऋणी कानूनी दायित्वबाट बिमूख हुने भए पनि ऋणीको तत् असक्षमतालाई जघन्य फौजदारी अपराध गरेसरह उसको सम्पूर्ण सर्वश्व हरण गर्ने उद्देश्यबाट अभिप्रेरित भई असूल तहसील गर्ने जस्तो अनुभूति कर्जा प्रवाहकर्ताको आचरण तथा व्यवहारबाट प्रदर्शन हुन नहुने ।

ऋणीबाट असूलउपर गर्दा अपनाउनु पर्ने विधि पनि कानूनसम्मत र विवेकपूर्ण हुनु पर्दछ भन्ने यथार्थतामा विवाद गर्ने ठाउँ हुन्न । ऋणीमाथि गरिने व्यवहार निष्पक्ष तथा पारदर्शी हुन पर्दछ । अतः कर्जा प्रवाह गर्ने वित्तीय संस्थाको मूलभूत उद्देश्य आफ्नो लगानीको सकुशल असूलीलाई मात्र हो सामाजिक तथा आर्थिक विचलन सिर्जना गर्ने होइन भन्ने यथार्थता अवगत हुनुपर्ने ।

**मा.न्या. श्री भरतराज उप्रेतीको राय :**

निवेदकलाई पटक पटक कर्जा फछ्र्यौट गर्न सूचना दिएको र लिलामका लागि सार्वजनिक सूचना समेत प्रकाशित गरी सुनुवाईको मौका दिएको अवस्थामा कम मूल्याङ्कनमा लिलाम सकार गरेको भन्ने निवेदन दावी ऋण लिने दिने विषयमा भएको ऋण सम्झौता करारका शर्तको विषय देखिएको प्रस्तुत विवादमा यसै अदालतमा विशेष अधिकार क्षेत्र आकर्षित हुने अवस्था नदेखिने ।

लिलामी तथा सकार गरेको कुरा मुलुकी ऐन, अ.ब. ११० न. को तामेली प्रक्रिया र जिल्ला अदालत नियमावलीबमोजिम नभएको भन्नेतर्फ हेर्दा बैंक तथा वित्त कम्पनीहरूको आफ्नो कर्जा असूलउपर गर्न धितोमा रहेको सम्पत्ति लिलाम गर्दा अ.बं. ११० नं. तामेली प्रक्रिया र जिल्ला अदालत नियमावलीबमोजिम गर्नुपर्ने भन्ने व्यवस्था कुनै पनि बैंकिङ्ग कानूनले गरेको देखिँदैन । अ.बं. ११० नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को व्यवस्था दुनियाको बिगो वा कोर्ट फी असूलउपर गर्नु पर्दाको अवस्थामा लागू हुने नियम हो । यसरी दुनियाँको बिगो असूलउपर गर्नु पर्दा पञ्चकीर्ते मोल कायम गर्नुपर्ने हुन्छ । तर बैंक तथा वित्तीय संस्थाले लगानी गरेको कर्जाबापत लिलाम गर्दा यो व्यवस्था लागू हुन नसक्ने ।

लिएको कर्जाको साँवा ब्याज ऋणीले नतिरे धरौटी जेथाबाट असूलउपर हुन्छ भन्ने कटुसत्यको पूर्व जानकारी ऋणीलाई तमसुक गर्दा नै हुने भएकोले यी निवेदकले लिएको उपरोक्त दावी कानूनसम्मत मान्न नमिल्ने ।

घर जग्गा जस्तो अचल सम्पत्तिको प्रकृति, यसको मूल्यमा हुने उतार चढाव, ऋणीले ऋण नतिरे पछि बैंक तथा वित्तीय संस्थाहरूले धितोमा लिएको सम्पत्ति बिक्री गर्दा आउन सक्ने सम्भावित झमेला, मुद्दा मामिलाको सम्भावना तथा ऋण नतिर्ने ऋणीले ऋणको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्रीको सम्बन्धमा गर्ने असहयोग र निजबाट शुरू हुने मुद्दा मामिलाको सम्भावनाहरू र यस्तो सम्पत्तिको वास्तविक मूल्य यकीन गर्ने बारेमा अदालतमा उपलब्ध दक्षता, ज्ञान तथा सीमा जस्ता कुरातर्फ विशेष ध्यान दिनुपर्ने ।

जग्गा जमीनको सर्वमान्य बजार मूल्य नहुने र जग्गा रहेको ठाउँ र खरीदकर्ता र बिक्रीकर्ताको चाहना, रोजाई तथा आर्थिक खाँचो वा चटारो जस्ता कुराले जग्गा जमीनको लेनदेनको मूल्य निर्धारण हुने हुँदा खरीदकर्ता र बिक्रीकर्ताबीच यस्तो सहमति नभएको अवस्थामा बैंक तथा वित्तीय संस्थाले लिलाम हुन नसकेको धितो आफैंले सकार गर्दा धितोको मूल्यको सम्बन्धमा अपनाउनु पर्ने र अवलम्बन गर्नुपर्ने प्रक्रियाका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूको नियमनकारी निकायको रूपमा रहेको नेपाल राष्ट्र बैंकले उल्लिखित निर्देशन जारी

गरी नीति निर्धारण गरेको अवस्थामा सो नीतिअनुसारको सकार मूल्य ठीक हो वा बेठीक भयो भन्ने विषयको परीक्षण गर्ने संयन्त्र अदालतसँग नरहने हुँदा यस्तो विषय न्यायिक निरूपणको विषय हुन नसक्ने ।

माननीय न्यायाधीश श्री प्रेम शर्माको रायसँग सहमत हुन नसकेकाले सर्वोच्च अदालत नियमावली, २०४९ (एघारौं संशोधन २०६७) को नियम ३ को उपनियम (१)(क) बमोजिम पूर्ण इजलासमा निर्णयार्थ पेश हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २७ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** रिट नं. २०६४-WO-०८३०, उत्प्रेषणयुक्त परमादेश, *दीपकबहादुर भण्डारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरू नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह सहायक पाँचौं तहबाट अधिकृत छैठौं तहमा स्तरवृद्धि भएको देखिएको, निवेदकहरू सहायक पाँचौं तहमा तह मिलान हुँदाका बखत बहाल रहेको तत्कालीन नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ को अनुसूची ३ आयुर्वेद समूहअन्तर्गत सि.नं. ११ मा सहायक पाँचौं तहको लागि कविराज पदनामको व्यवस्था भएको देखिएको र उक्त नियमावलीमा भएको हालको संशोधनमा अधिकृत छैठौं तहको लागि पदनामको व्यवस्था नहुँदा साविक नियमावलीमा भएबमोजिम सहायक पाँचौं तहको लागि निर्धारित कविराज पदनाम नै पाऊँ भन्ने प्रस्तुत निवेदनमा निवेदकको माग देखिँदा निवेदन मागबमोजिम कविराज पदनाम दिनू भनी विपक्षीहरूको नाममा परमादेशको आदश जारी हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ ९ गते रोज १ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५-WO-०११३, परमादेश, *सीता गौतम समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५-WO-०३९६, परमादेश, *गेणु राउत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५-WO-०५१८,परमादेश, *एकनारायण अर्याल समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३५९७, आयकर, *आन्तरिक राजश्व कार्यालय, धरान वि. शंकरलाल अग्रवाल समेत*

डिलरदेखि होलसेलर एवं रिटेलरसम्मको ढुवानी खर्च भएकोमा यस्तो खर्च उद्योगले नै व्यहोर्ने भन्ने बारेमा लिखित सम्झौताको अभावमा उक्त खर्च डिलर स्वयंले आफ्नो कमिशनको रकमबाट व्यहोर्नु पर्ने ।

डिलरहरूसँग भएको सम्झौताको आधारमा डिलरहरूले के कस्ता काममा के कति खर्च भएको छ सोको बील भरपाई सहितको फेहरीस्त पेश गरेपछि मात्र सोको आधारमा खर्च भुक्तानी गर्नुपर्नेमा केवल डिलरहरूको नोटको आधारमा खर्च भएको हो भनी अनुमानको भरमा त्यस्तो अप्रमाणित खर्चको रकम भुक्तानी गरेकोलाई आयकर ऐन, २०३१ (संशोधन सहित) को दफा ४१(झ) अनुसार आयकर प्रयोजनको लागि ग्राह्य नहुने भै मिनाहा दिन नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२ सालको फौ.पु.नं. ३५९६, आयकर, *आन्तरिक राजश्व कार्यालय, धरान वि. शंकरलाल अग्रवाल*

- २०६२ सालको फौ.पु.नं. ३५९८, आयकर, *आन्तरिक राजश्व कार्यालय, धरान वि. शंकरलाल अग्रवाल*

**इजलास नं. १०**

१

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०५३९, लिखत बदर, *प्रेमबहादुर सिंह वि. रामबालक तत्वा*

अदालतबाट भएको अन्तिम फैसलाले स्थापित भैसकेको भोगाधिकारमा प्रतिकूल असर पर्ने गरी पारित भएको लिखत बदरको लागि यी वादीको कानूनी हक छैन भन्न नमिल्ने।

वादीले निर्माण गरेको घर टहराको भोगाधिकार अन्यथा हुन नसकेको परिप्रेक्ष्य समेतलाई मध्यनजर गर्दा उक्त घर टहराबाहेक गरी प्रस्तुत मुद्दाका प्रत्यर्थी प्रतिवादी रामबालक तत्वाले जनक बस्नेतलाई र.नं. १२७५७ मिति २०६०।२।२३ मा राजीनामा लिखत गरी दिनुपर्नेमा सो समेत समावेश गरी लिखत पारित गरिदिएको देखिँदा सो टहराको हकमासम्म उक्त लिखत बदर हुने।

पुनरावेदन अदालतले मिति २०६५।८।१८ मा प्रस्तुत मुद्दामा फैसला गर्दा शुरू इन्साफ सदर गरे पनि वादी दावीभन्दा बाहिर गई "टहरासम्म भत्काई दिने" भन्ने बुँदा उल्लेख गरेकोसम्म नमिलेकोले सो हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०६५।८।१८ गतेको फैसला केही उल्टी हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल साउन २८ गते रोज ६ शुभम्।

२

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ८९३०, मोही कायम, *प्रेमबहादुर सिंह वि. रामबालक तत्वा समेत*

कबुलियतनामा तत्कालीन सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतमा दाखेल भएको नदेखिँदा उक्त कबुलियतको कानूनी अस्तित्व रहने देखिएन। पेश भएको कबुलियत कानूनी प्रक्रिया पुरा नगरेको तथा मोही हक कायम गर्ने आधिकारिक प्रमाण वादीले पेश गर्न नसकेको, साविक जग्गाधनीलाई उल्लिखित कि.नं. २७३ को जग्गा २०३५ सालमा हस्तान्तरण गर्दा पुनरावेदक वादीसँग मोहीको कबुलियत भएको भए सो कबुलियत साथै राखी लिखत गर्नुपर्नेमा नगरेको र ०४४/०४५ मा नापी हुँदाको अवस्थामा समेत खडा भएको दर्ता स्रेस्तामा मोही जनिएको देखिन नआएको हुँदा यी पुनरावेदक वादीलाई विवादित जग्गाको मोही मान्न नमिल्ने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल साउन २८ गते रोज ६ शुभम्।

३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरिश चन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८२६९, मुद्दा अंश, *हरिराम कसौधन समेत वि. रामलाल कसौधन*

प्रतिवादीहरू सगोलको अंशियार देखिएको हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी तायदातीमा उल्लिखित सम्पत्तिमध्ये भोले चलचित्र मन्दिर बाहेक अन्य सम्पत्तिको हकमा ३ खण्डको १ खण्ड अंश वादीले पाउने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी गोरखनाथले आफ्नो निजी प्रयासबाट निर्माण गरेको दाङ्ग जिल्ला लालमटिया गा.वि.स. वडा नं. ३ भालुवाङ्गअन्तर्गत प्र. गोरखनाथ कसौधन प्रोप्राइटर रहेको भोले चलचित्र मन्दिर र सो मन्दिर निर्माण गर्ने प्रयोजनका लागि भनी लिएको ऋणहरू निजको निजी हुँदा बण्डा गर्न नमिल्नेमा उक्त चलचित्र मन्दिर बण्डा गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी हुने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल भाद्र २८ गते रोज २ शुभम्।

४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-CR-०४०५,कर्तव्य ज्यान, *कुमारी राई समेत वि. नेपाल सरकार*

धार्मिक, सांस्कृतिक क्रियामा बाधा पुऱ्याउने र नारी अस्मितामाथि खेलवाड गर्ने काम मृतकबाट भएको कारण आफ्नो जीउ ज्यानको सुरक्षा र नारी अस्मिताको रक्षाको लागि मादक पदार्थ सेवन गरेका मृतकलाई भऱ्याङबाट लडेको अवस्थामा दाउराको चिरपट प्रहार गरेको कारण मृत्यु भएको यस्तो स्थितिमा वारदात गराउन प्रतिवादीहरूको भन्दा मृतकको प्रमुख भूमिका रहेको आधार र कारणबाट प्रतिवादीहरूमा छोरा छोरीहरूको हेरचाह, संरक्षण, पालनपोषण, शिक्षादिक्षाको उचित प्रवन्ध लगायतका गहन दायित्व भएको र उमेरको हिसाबले पनि समाजमा बसेर केही रचनात्मक कार्य गर्नसक्ने भएको कारणले गर्दा अ.बं. १८८ नं. को आधारमा सजाय घटाउँदा

न्याय पर्न जाने देखिएकोले प्रतिवादीहरूलाई ३ वर्ष ६ महिना मात्र कैद सजाय हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल भदौ २३ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८८०१, निर्णय बदर, *निर्मला श्रेष्ठ वि. मनिकादेवी श्रेष्ठ समेत*

योजनामा आपत्ति नजनाएको भन्ने प्रतिवाद कथनले घरको मोहडा परिवर्तन तथा तदनुरूप झ्याल ढोका फेरबदल गर्ने कुरामा पनि यी वादी पुनरावेदिकाको सहमति रहेको अर्थ गर्न मिल्दैन । कानूनले कसैलाई प्रदान गरेको हक निजले परित्याग गर्न सक्दछन् । तर यो परित्याग गर्ने क्रिया प्रत्यक्ष र प्रष्ट हुनु पर्दछ । समग्र योजनामा नै वादी पुनरावेदिकाले आपत्ति जनाउनु नभएबाट सो स्वीकार गर्नु भएको छ र योजनाको लाभ उठाउनु भएको छ भन्ने कथनले निजले घरको मूल द्वारका आधारमा कायम निकासको हक नै परित्याग गरेको अर्थ लगाउन नसकिने ।

फिराद नगर विकास ऐन, २०४५ को दफा १२.१.२ एवं मुलुकी ऐन, घर बनाउनेको महलको ३ नं. समेतको आधारमा परेको पाइन्छ । माथि विवेचित आधारबाट विपक्षी नयाँबजार जग्गा एकीकरण आयोजनाको निर्णय नगर विकास ऐन, २०४५ को साथै सोमा उल्लेख नभएको विषय मुलुकी ऐन, घर बनाउने महल समेतको विपरीत देखिँदा विपक्षीबाट भएको निर्णय नगर विकास ऐनअनुसार भएको आधारमा मात्र बदर नहुने भन्न मिल्दैन । संविधान एवं कानूनको शब्द र भावना विपरीत भएका जुनसुकै निर्णयहरू न्यायिक परीक्षणको विषय बन्दछन् । नगर विकास ऐन, विशेष ऐन भएका आधारले मात्र उक्त ऐनमा मौन रहेका विषयहरूका हकमा सो ऐनअन्तर्गत भएका काम कारवाही न्यायिक परीक्षण नहुने भन्न नमिल्ने ।

वादीले साविकदेखि उपभोग गरिआएको ४ फीटे बाटो बन्द गर्ने विपक्षीहरूको निर्णयबाट वादीको पहिले नै बनिसकेको घरको मोहडा निकास समेतका भोगिआएका सुविधामा असर पर्न गएको र त्यसरी भोगिआएको सुविधामा असर पर्ने गरी निर्णय गर्दा वादीको प्रत्यक्ष तथा प्रष्ट सहमति वा स्वीकृति लिइएको समेत देखिएन । यसरी वादी समेतले भोग गरी आएको ४ फीटे बाटो बन्द गर्ने निर्णय नगर विकास ऐन, २०४५ को दफा १२.१.२घ एवं मुलुकी ऐन घर बनाउनेको महलको ३ नं. विपरीत भएकोले नयाँ बजार जग्गा एकीकरण आयोजनाको मिति २०५७।१०।२७ मा प्रकाशित उक्त निर्णय सो हदसम्म बदर गर्नु पर्नेमा सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६२।१०।२४ को फैसला कानूनसम्मत नदेखिएकाले उल्टी हुन्छ । दावीको निर्णय र सो सम्बन्धमा भएका अन्य काम कारवाहीहरू सो हदसम्म बदर भई विवादको बाटो पूर्ववत् कायम रहने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको दे.पु.नं. ८८००, निर्णय बदर, *भगवाननारायण श्रेष्ठ वि. मनिकादेवी श्रेष्ठ* समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ६०४, लेनदेन, *रङ्गनाथ गुप्ता वि. बिमलादेवी दुबे*

लिखतको अवस्था र प्रकृतितर्फ ध्यान दिंदा लिखतको एक लाख साठी हजार लेखिएको ठाउँमा परेका अक्षरहरू लिखतको अन्य भागमा लेखिएका अक्षरभन्दा खाँदिएको देखिँदा र त्यसमाथि परेका ल्याप्चे समेत प्रष्ट नहुँदा लिखत लेखेपछि सहीछाप गरेको नभई पहिले सहीछाप भएको लिफामा पछि व्यहोरा भरेको भन्ने प्रष्ट हुन आउँछ । यसका अतिरिक्त जुन लिखतका आधारमा वादीले प्रतिवादीबाट रकम दिलाई भराई पाऊँ भनी दावी गरेको छ सो लिखत र त्यसमा परेका सहीछाप माथि नै प्रश्न उठी लिखत नै वैध एवं कानूनसंगत नठहरेको अवस्थामा त्यस्तो लिखतबमोजिमको रकम वादीले प्रतिवादीबाट भरी पाउँछ भन्न मिल्ने देखिएन । त्यसकारण लिखतको अवस्था एवं प्रकृति हेर्दा पहिले सहीछाप भैरहेको कागजमा लिखतको व्यहोरा लेखिएको र रकम लेखिएको ठाउँमा भएको छाप प्रतिवादीकै भएको भनी स्पष्ट नभएको साथसाथै लिखतमा लिखत साक्षी समेतले निजको अगाडि लेनदेन भएको भनी भन्न नसकेको अवस्थामा दावीबमोजिम लेनदेन ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं. ६३०, सवारी ज्यान, *नारायण लावती वि. नेपाल सरकार*

मृतक र प्रतिवादीबीच पूर्व रिसइवी चिनजान भएको कुरा नदेखिए पनि प्रतिवादीले मादक पदार्थ सेवन गरी गाडी चलाएको भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष निजले गरेको बयान एवं निजको स्वास्थ्य परीक्षण प्रतिवेदन समेतबाट देखिन्छ भने मिसिल संलग्न दुर्घटना प्रतिवेदन हेर्दा वारदातस्थल मावा खोलाको पुलको चौडाई २४ फीट जनिएको र पूर्वबाट पश्चिमतर्फ आउँदा बायाँतर्फ च्यापी गाडी चलाउन पर्ने भन्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३५ मा भएको व्यवस्थाविपरीत सडकको दायाँ किनारातर्फ पुलको छेउमै गाडी लगी घटना घटाएको देखिन्छ । चलाएको भए पूर्वबाट पश्चिमतर्फ गाडी सडकको बायाँतर्फ च्यापी चलाउन पर्ने थियो । २४ फीटको सडकको पनि दायाँतर्फ लगी च्यापी डिउटीमा उभिरहेको मानिसलाई किचेको देखिन्छ, जुन कार्यलाई चालकको लापरवाही मान्नुपर्ने ।

एकातर्फ मादक पदार्थ सेवन गरी गाडी चलाउनु आफैंमा कानूनको बर्खिलाप कार्य मानिन्छ, त्यसमाथि पनि पूर्वबाट पश्चिमतर्फ सवारी चलाउँदा सडकको बायाँ किनारातर्फबाट गाडी हाक्नुपर्नेमा २४ फीटको पुलमाथि बाटोमा दायाँ किनारातर्फ च्यापी दायाँ किनारामा भएको मानिसलाई ठक्कर दिनु भनेको सावधानी नअपनाई मानिस मर्न सक्छ भन्ने जानीजानी गरेको लापरवाहीजन्य कार्य नै मान्नुपर्छ । मादक पदार्थ सेवन गरी गलत साइडबाट गाडी चलाउने कार्य सामान्य मानिसको सोचाइबाट हेर्दा पनि मानिस मर्न सक्छ भन्ने जानीजानी गरेको लापरवाहीजन्य कार्य मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६४-CI-०७४४, नापी दर्ता बदर, *ठगी ऐर वि. उद्धवदेव लेखक*

नक्सा मुचुल्काबाट कि.नं. ४८ को जग्गामा ज.बि. १-१-० जग्गा मात्र रहेको देखिएबाट वादीकै जग्गा साबिक क्षेत्रफलअनुरूप पुगेको देखिन आएको छैन । उक्त जग्गाको नक्सा ट्रेस भिडाई हेर्दा पनि साविक नक्साअनुरूप नै हाल नयाँ नापीमा नक्सा रेखाङ्कन भएको अवस्था देखिन आई वादीको कि.नं. ४८ को जग्गाको पूर्वी भागमा अवस्थित न.नं. ८ मा भएको वादीको माछा पोखरी रहेको तथ्यलाई प्रतिवादीले स्वीकार गरिरहेको देखिन्छ भने ५ नं. नापी गोश्वारा कञ्चनपुरबाट भएको मिति २०६१।११।१३ को निर्णयलाई उक्त कारवाहीको फायलमा मौजूद प्रमाणबाटै समर्थन भएको देखिन आएको
छैन । न्यायिक निर्णय गर्दा सो निर्णय गर्ने पदाधिकारीले निष्कर्षमा पुगेको निर्णयका वस्तुनिष्ठ आधारहरू स्पष्ट रूपमा खुलाउन पर्ने हुन्छ । बिना आधारप्रमाण कुनै कुरा यस्तो वा उस्तो भनी कसैको साम्पत्तिक अधिकारमा असर पर्ने गरी न्यायिक निर्णय गरिन्छ भने त्यस्तो निर्णयलाई न्यायसंगत एवं कानूनसंगत मान्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** दे.पु नं. ०६६-CI-०१००, नापी निर्णय बदर, *वीरेन्द्रकुमार लिम्बू वि. थिङलाबु गा.वि.स.को कार्यालय, ताप्लेजुङ समेत*

पुनरावेदक वादीले विवादित कि.नं. ८३७ को जग्गा २०४४ साल अगावै परित्याग गरी २०४४ सालको नापीमा प्रत्यर्थी गा.वि.स.को नाममा नाप जाँच भै दर्ता भएको, सोही जग्गामा गा.वि.स. भवन बनी कार्य सञ्चालन समेत भएको र २०५८ सालमा सो भवनमा आगजनी भएको भन्ने तथ्य मिसिलबाट स्थापित भएको अवस्थामा सो जग्गा २०४४ सालको नापीमा प्रत्यर्थी गा.वि.स.को नाममा नाप जाँच भएको भन्ने कुरा एउटै वडामा बसेका यी वादीलाई १८ वर्षसम्म थाहा हुन नसकेको भन्न नमिलेकोले हदम्यादको आधारमा फिराद खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९८१८, निर्णय दर्ता बदर हक कायम समेत, *बैकुण्ठलाल श्रेष्ठ समेत वि. हेमलाल महर्जन समेत*

पुनरावेदन अदालतले विवादित जग्गा बिर्ता हो वा निजी गुठीको जग्गा हो भन्ने तर्फ कुनै विवेचना नगरी जग्गाधनीले रैकर परिणतको लागि कहिले निवेदन दिएको हो, जग्गाधनी वा मोही कसको नाममा रैकर परिणत हुने हो, सबूद प्रमाण बुझी निर्णय गरेको देखिए पनि विवादित जग्गा निजी गुठी वा बिर्ता जग्गा कुन हो भन्ने प्रश्नको निरूपण गरेको देखिएन । विवादित जग्गा बिर्ता वा निजी गुठी के हो भन्ने मूल प्रश्नलाई सम्बोधन नगरी निष्कर्षमा पुग्दा त्यो अपूरो हुन जाने ।

लामो समयसम्म एउटै जग्गाको विषयमा मुद्दा मामिला चलिरहेको र विवादित तथ्यसँग सम्बन्धित मुख्य पक्षहरूको मृत्यु भैसकेको समेत देखिँदा प्रस्तुत विवादलाई पुनः शुरू अदालतमा पठाउँदा अनावश्यक बिलम्ब र मुद्दाका पक्षले थप हैरानी व्यहोर्नु पर्ने अवस्थालाई मध्यनजर गर्दा माथि उल्लिखित प्रश्नहरूको पुनरावेदन अदालतबाटै निर्णय हुन मुनासिब देखिँने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको ०६४-CI-०१५१, रैकर बदर गुठी कायम, *गुठी संस्थान केन्द्रीय कार्यालय समेत वि. राकेश गुरूङ्ग*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ख)(ग) मा भएको कानूनी व्यवस्थाअनुरूप जो जे जस्तो बुझ्नु पर्ने प्रमाण बुझी उक्त प्रमाणहरूको मूल्याङ्कन त्यहाँबाटै गरी ठहरेबमोजिम फैसला गर्न पुनरावेदन अदालत पाटनले सक्नेले नै हुँदा सो नगरी शुरू गुठी संस्थानको निर्णय बदर गरी मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कन र विवेचना गरी निर्णय गर्नु भनी मिसिल शुरू गुठी संस्थान केन्द्रीय कार्यालयमा पठाई दिनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६३।११।१४ मा भएको फैसला मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ०६३-CI-०६८२, जालसाजी, *सूर्यनारायण लाल कर्ण वि. उमेश्वरप्रसाद बर्मा समेत*

जुन तथ्य फिरादीलाई पहिले नै जानकारी छ र सोही लिखतलाई लिएर जालसाजी मुद्दा समेत दिइएको छ भने अब ठाडो बयान लिई किल्ला बदरमा अदालतले दावी कायम गरिदिनु पर्दथ्यो भन्ने जिकीर अ.ब. ८० नं. को भावना र मनसायअनुरूप छैन । अ.बं. ८० नं.को प्रयोग वादीलाई पूर्व जानकारी नभएको वा अवलोकन गर्न नपाएको तथ्य प्रतिवादीको कथनबाट प्रकट भएको अवस्थामा मात्र हुन सक्ने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री गिरिशचन्द्र लाल,** २०६७ सालको रिट नं. WO-०१३३, उत्प्रेषण, *चन्द्रकान्त सुवेदी वि. कृषि विकास बैंक लि., मुख्य कार्यालय समेत*

बैंकलाई चाहिने कर्मचारीहरूको लागि आवशयक पर्ने न्यूनतम् योग्यता तोक्न सक्ने गरी कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम ६ को ३(क) मा व्यवस्था भएको समेत आधार र कारणले बैंकले विनियमावलीले दिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित गरेको र सोको संशोधित सूचना समेत वर्तमान नेपालको अन्तरिम संविधान, ऐन, नियम र कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ समेतको विपरीत नभई कानूनअनुरूपको देखिँदा रिट जारी नहुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

# सर्वोच्च अदालत गतिविधि

**राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा आयोजित पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशज्यूहरूको नेतृत्व विकाससम्बन्धी गोष्ठीमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६७।०८।२६ मा दिनु भएको उद्घाटन मन्तव्य**

पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूलाई लक्षित गरी सञ्चालन हुन गइरहेको नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रमको समुद्घाटन गर्ने अवसर उपलब्ध गराउनु भएकोमा म आयोजक राष्ट्रिय न्यायिक प्रतिष्ठान परिवारलाई धन्यवाद दिन चाहन्छु । यस अवसरमा सर्वप्रथम म नव नियुक्त माननीय मुख्य न्यायाधीशज्यूहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

न्यायपालिकाको वर्तमान संरचनाअन्तर्गत एक महत्वपूर्ण तहको रुपमा पुनरावेदन अदालत रहेको छ । आफ्नो प्रादेशिक क्षेत्रअन्तर्गत पुनरावेदन अदालतले न्याय प्रशासन र न्याय निरोपण दुबै क्षेत्रमा नेतृत्वदायी भूमिका खेलिरहेको हुन्छ । पुनरावेदन अदालतको नेतृत्व सम्हालिरहनु भएका माननीय मुख्य न्यायाधीशज्यूहरूलाई नेतृत्व विकास र व्यवस्थापनका विषयमा अनुशिक्षण दिने उद्देश्यले आयोजित यो अन्तरक्रिया कार्यक्रम अत्यन्त समसामयिक एवं सान्दर्भिक रहेको मैले महसूस गरेको छु ।

मैले बारम्बार भन्ने गरेको छु कि न्यायिक नेतृत्व स्वच्छ र निष्पक्ष हुन सकेमा न्यायपालिका भित्रका धेरै कमी कमजोरीहरू नियन्त्रण हुन सक्दछन् । त्यसको लागि नेतृत्व सम्हाल्ने व्यक्तिले आफूलाई वास्तवमै इमानदार, निष्ठावान, स्वच्छ र निष्पक्ष रुपमा स्थापित गर्न सक्नुपर्दछ । नेतृत्व सम्हाल्ने व्यक्ति आफू इमानदार नरहेसम्म अरुलाई सही दिशामा अग्रसर गराउन कदापि सफल हुन सक्तैन । वास्तवमा न्यायपालिकाको नेतृत्व तहमा रहने प्रधान न्यायाधीश र पुनरावेदन अदालतको नेतृत्व तहमा रहने मुख्य न्यायाधीशहरू इमानदार रहेसम्म समग्र न्यायपालिकाको अधिकांश विकृति विसंगति स्वतः नियन्त्रित हुन जान्छन् भन्ने मलाई लाग्दछ । अहिले मेरो सम्पूर्ण ध्यान न्यायपालिकामा रहेका विकृति र विसंगति नियन्त्रण गर्नेतर्फ नै केन्द्रित रहेको छ । इमानदार, सक्षम र निष्ठावान न्यायकर्मीको संरक्षण र न्यायिक विकृति र विसंगतिको नियन्त्रण गर्ने सम्बन्धमा म अविचलित रुपमा लागिरहेको पनि छु ।

पुनरावेदन अदालतको न्यायिक एवं प्रशासनिक नेतृत्व सम्हाल्नु भएका माननीय मुख्य न्यायाधीशहरूको इमानदार, सुझबुझपूर्ण, सक्षम एवं नेतृत्वदायी भूमिकाबाट न्यायिक कामकारवाहीमा महत्वपूर्ण प्रभाव परिरहेको हुन्छ । वास्तवमा तपाइँहरू आफ्नो प्रादेशिक क्षेत्रभित्र केवल पुनरावेदन अदालतको मात्रै प्रमुख होइन, सम्पूर्ण न्यायिक एवं अर्धन्यायिक निकायको सुपरीवेक्षण, अनुगमन र निरीक्षण गरी आफ्नो क्षेत्रभित्रको न्यायिक कामकारवाहीका विषयमा जवाफदेही एक जिम्मेवार पदाधिकारी पनि हुनुहुन्छ । सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्मका दैनिक कामकारवाहीमा प्रधान न्यायाधीश एक्लैले वा सर्वोच्च अदालत तहबाट मात्रै अनुगमन वा निगरानी राख्न सम्भव छैन । त्यसैले तपाइँहरूले आफ्नो प्रादेशिक क्षेत्रभित्रको सम्पूर्ण न्यायिक कामकारवाहीलाई बारम्बार अनुगमन गरी प्रभावकारी, पारदर्शी, निष्पक्ष, छिटोछरितो बनाउन नेतृत्वदायी भूमिका खेल्नु अति आवश्यक हुन्छ ।

मातहत अदालतको काम कारवाहीको विषयमा कुनै गुनासो आएमा प्रधान न्यायाधीशले पनि तपाइँहरूबाटै यथार्थ व्यहोरा लिने हो । मातहतका न्यायाधीशहरूको कार्यसम्पादन स्तर मुल्याङ्कन गर्ने, न्यायिक निर्णयको सूक्ष्मतम अवलोकन गर्ने मात्र नभै अदालतका फैसलाहरूको

समयमै कार्यान्वयन भए नभएको पक्षमा समेत बारम्बार अनुगमन गरी न्यायलाई व्यवहारिक रुप दिनमा पनि यहाँहरूको उत्तिकै ठूलो भूमिका रहन्छ । यी सबै क्षेत्रमा यहाँहरूले नेतृत्वदायी भूमिका खेल्न सक्नु भयो भने मात्र अदालतप्रतिको जनआस्था पनि बृद्धि हुदै जान्छ । त्यसैले आ-आफ्नो क्षेत्रको नेतृत्व तहमा रहनुभएका माननीय मुख्य न्यायाधीशज्यू-हरूको इमानदार, स्वच्छ, निष्पक्ष र निष्ठावान नेतृत्व र भूमिका अहिलेको सन्दर्भमा सबैभन्दा महत्वपूर्ण हुन्छ भन्ने कुरामा म विश्वस्त छु । यस प्रसंगमा आ-आफ्नो क्षेत्रको कामकारवाहीको विषयमा देखा पर्ने जस्तासुकै समस्याको बारेमा पनि प्रधान न्यायाधीशलाई बारम्बार जानकारी गराउने गुरुत्तर जिम्मेवारी पनि तपाईहरूमै रहेको छ । पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीश तथा कर्मचारीहरूको कामकारवाही, आचरण तथा क्षमताको बारेमा मूल्याङ्कन गर्ने पहिलो पदाधिकारी पनि तपाइँहरू नै हो । यी सबै पक्षलाई ध्यान दिई आ-आफ्नो क्षेत्रमा यहाँहरूले सक्रिय भूमिका निर्वाह गर्नु हुनेछ भन्ने मैले आशा लिएको छु ।

अहिले न्यायपालिकाको स्वतन्त्रता र अधिकारक्षेत्रलाई लिएर विभिन्न बहस र बिचारहरू प्रकट भइरहेका छन् । यस अवस्थामा न्यायपालिकाको स्वतन्त्रतालाई बचाई राख्न अझ संवेदनशील, इमानदार र निष्ठावान भई न्याय निरोपणको कार्यमा समर्पित हुनुपरेको छ । यसका लागि न्याय सम्पादनको कार्यमा संलग्न न्यायाधीश तथा कर्मचारीहरूको क्षमता विकासका लागि व्यावहारिक ज्ञान तथा तालीम कार्यक्रमको व्यवस्थातर्फ पनि सम्बद्ध सबैले ध्यान दिनु पर्दछ । वर्तमान संक्रमणकालीन अवस्थामा एउटा सानो गल्ती वा छिटफुट कमजोरीलाई आधार बनाइ स्वतन्त्र न्यायपालिकाको औचित्य र आश्यकता माथि नै प्रश्न उठाउने सम्भावना रहन्छ । त्यसैले वर्तमान अवस्थामा हामीले सम्पादन गर्ने कामकारवाहीहरूलाई निष्पक्ष र विवादरहित बनाई अझ सुदृढ, सबल र स्वतन्त्र न्यायपालिकाको अपरिहार्यता दर्शाउन सक्नुपर्दछ । त्यसको लागि हामीले न्यायिक काम कारवाहीका विषयमा उठ्ने गरेका जन गुनासाहरूलाई समयमै सम्बोधन गरी निष्पक्ष र प्रभावकारी न्याय सम्पादन गर्नुपर्दछ । हाम्रा काम कारवाहीलाई लिएर हुने गरेका धेरै जसो टिकाटिप्पणी र गुनासाहरू न्यायाधीशको आचर संहिताको पालनासँग पनि सम्बन्धित रहेका छन् । त्यसैले आफू मातहतका न्यायाधीशहरूको आचरण, कार्यक्षमता र निष्पक्षताको बारेमा वस्तुगत रुपमा सूक्ष्म अनुगमन र मूल्याङ्कन गरी वास्तविकता जानकारी गराउन पनि म तपाइँहरू सबैसँग विशेष आग्रह गर्दछु ।

अब मुलुक संघीय संरचनामा प्रवेश गर्ने लगभग निश्चित भइसकेको छ । यस स्थितिमा न्यायपालिकाको वर्तमान संरचनामा पनि केही न केही फेरबदल अवश्य नै हुनेछ । वर्तमान न्यायिक संरचनाअन्तर्गत पुनरावेदन तहबाट फैसला भएका विवादहरूमध्ये करीब ८० प्रतिशत विवादहरू अन्तिम न्याय निरोपणका लागि कुनै न कुनै रुपमा सर्वोच्च अदालतसम्म आइपुग्दछन् । नयाँ संविधान निर्माण भई मुलुक संघीयतामा प्रवेश गरेपछि हालको पुनरावेदन अदालत प्रान्तीय वा प्रादेशिक उच्च अदालतको रुपमा रुपान्तरण हुनेछ । त्यस अवस्थामा करीब ८० प्रतिशत विवादहरू प्रादेशिक उच्च अदालतबाटै अन्तिम निरुपण हुने गरी अधिकारक्षेत्रमा समेत व्यापक फेरबदल हुनेछ भन्ने मलाई लाग्दछ । प्रादेशिक उच्च अदालतको रुपमा रुपान्तरण हुँदाको अवस्थामा तपाईहरूले प्रादेशिक क्षेत्रभित्र सर्वोच्च अदालतसरहकै जिम्मेवारी सम्हाल्नु पर्ने हुन्छ । त्यसैले आगामी दिनमा यहाँहरू सबैले आफ्नो नेतृत्व क्षमता, कार्यकुशलता एवं व्यवस्थापकीय सीपलाई अझ सुदृढ र परिष्कृत गर्नु आवश्यक छ । उल्लेखित पक्षलाई समेत ध्यानमा राखी यस अन्तरक्रिया कार्यक्रमले तपाईहरूको नेतृत्व र व्यवस्थापकीय सीपलाई अझ परिस्कृत गर्नेछ भन्ने कुरामा मैले आशा गरेको छु ।

हामीले विगत केही बर्षदेखि न्यायिक काम कारवाहीलाई योजनाबद्ध रुपमा सञ्चालन गर्ने अभियान थालनी गरेका छौं । यसै सिलसिलामा न्यायपालिकाको प्रथम पञ्चबर्षीय रणनीतिक योजना समाप्त भई हाल हामी दोस्रो रणनीतिक

योजना कार्यान्वयनको चरणमा छौं । पहिलो योजनाले अदालतको भौतिक पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखेको थियो । उक्त योजना अवधिको मूल्याङ्कन गर्दा हामीले मुद्दा फछ्र्यौटमा आशातीत सफलता प्राप्त गर्न नसकेको भएतापनि भौतिक पूर्वाधारतर्फ केही उल्लेख्य सफलता प्राप्त गरेको थियौं । चालु दोस्रो रणनीतिक योजनाले मुद्दा फछ्र्यौट र फैसला कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको कुरा यहाँहरू सबैलाई विदितै छ । विगत एक बर्षको कार्य मूल्याङ्कन गर्दा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत गरी तीनै तहका अदालतहरूको कार्य सम्पादन स्थिति अत्यन्त उत्साहप्रद रहेको छ । वास्तवमा हामीले गर्ने न्यायिक सुधार, अदालत व्यवस्थापन, नेतृत्व विकास, क्षमता विकासलगायतको जुनसुकै कार्यक्रमहरूको मूल उद्देश्य न्यायिक काम कारवाहीमा निष्पक्षता, पारदर्शिता, छिटोछरितोपन र प्रभावकारिता कायम गर्नु नै हो । यसबाट सर्वसाधारण जनतामा अदालतप्रतिको विश्वास अभिवृद्धि हुने र कानूनी राज्यको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने हुन्छ । त्यसैले हामीले न्यायिक काम कारवाहीलाई अझ बढी व्यवस्थित, प्रभावकारी, निष्पक्ष, छिटोछरितो, पारदर्शी र विवादरहित बनाउन विशेष जोड दिनु आवश्यक छ । न्याय सम्पादनको यस गहनतम् जिम्मेवारीलाई तपाईहरूले सदा झै आगामी दिनमा पनि सबल नेतृत्व प्रदान गरी सफलतापूर्वक निर्वाह गर्नु हुनेछ ।

अन्त्यमा, यस गोष्ठीमा सक्रिय सहभागी भई आफ्नो क्षमता अभिवृद्धिमा यहाँहरू सफल हुनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । साथै गोष्ठीको सफलताको कामना गर्दै यहाँहरूसँग विदा हुन चाहन्छु ।

**धन्यवाद !**

**१. यस बुलेटिनमा केवल ती निर्णय समावेश हुँदैनन्, जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन् ।**

**२. नेपाल कानून पत्रिकामा प्रकाशित भएबाहेक अन्य महत्वपूर्ण निर्णयहरू प्रकाशनका लागि छुटेका भए त्यसरी छुटेका निर्णयको प्रतिलिपि सम्पादन शाखामा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका निर्णयहरू पहिले प्रकाशन नभएका भए र प्रकाशनयोग्य ठहरिए क्रमशः प्रकाशन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्दछौं ।**

**३. सर्वोच्च अदालतका प्रकाशनयोग्य सूचना तथा जानकारी हामीलाई प्रकाशनार्थ उपलब्ध गराई दिनु हुन सम्बन्धित महाशाखा तथा समितिका सचिवहरूसँग अनुरोध गर्दछौं ।**